‘अब नसुध्रिने मन्त्रीको टिकट काटिन्छ’

सत्यकाम

वर्ष १ अंक १ माघ २०७५ मासिक पत्रिका

सरल र सफल सरेन्द्र

च्याउ खेतीमा जमेका “ रसिक ”

यस अंकमा..................वर्ष १ अंक १ माघ २०७५

सरल र सफल सुरेन्द्र

च्याउ खेतीमा जमेका " रसिक "

'अब नसुध्रिने मन्त्रीको टिकट काटिन्छ'

स्थायी कमिटीको बैठकपछि सबैको अनुहार उज्यालो भएको छः योगेश भट्टराई

मानव सृष्टि सम्बन्धी अवधारणाहरु –हर्क यक्सो

को हुन् कम्युनिस्ट ?–राम कार्की

हाम्रो बारेमा

प्रकाशक सम्पादक - ठाकुर सिं लिम्बु

प्रबन्धक -ज्ञानेन्द्र वनेम

कार्यालय फुङलिङ - २ तोक्मेडाँडा सर्म्पक ०२४-४६०७५०,satyakammonthly@gmail .com

मुद्रणः बहार अफसेट प्रेस, फु.न.पा. ४

मुल्यः ५०/-

समृद्ध समाजको लागि सत्यकाम

समाज निरन्तर गतिमा विकास भई रहेको छ । विकाससंगै समाजमा विकृतीहरु पनि विकराल रुपमा देखा परेका छन् । दिनहु जस्तो हत्या बलत्कार भ्रष्टचार र तस्करीका समाचार सुन्न पाइन्छ । सरकार कुनै ठोस योजना लिएर कार्वाहीमा लागि परेको छैन अपराधीहरुको मनोवल निरन्तर बढी रहेको आभास हुन थालेको छ । स्थानिय तह देखी राष्ट्रिय तहसम्मका कर्मचारी जनप्रतिनिधी र समितीका मानिसहरु कमिसन लिन झोला थापेर बसेका छन् । दोषीलाई जोगाउन हो या आफ्नो कमजोरी लुकाउन नक्कली अपराधीहरु खडा गर्ने चलनको विकास भएको देखिन्छ । देश धर्म निरपेक्ष्य मुलुक भइ सक्यो तर धर्माधिकारीहरुलाइ सरकारले आफ्नो पक्षमा बोलिदेओस भन्ने चाहना छ मानव समाजको भावनात्मक विखण्डन गर्न धर्मको प्रयोग गरिदैछ । संघियतालाई भालुको कनपट्टो ठान्नेहरुको भिड बढ्न थालेको छ पुर्खाको विरासतको आडमा हुकुमी शासन गर्नेहरुको चलखेल बढ्न थालेको छ । मुलुकको राजनिती तीन तिर फर्कीएको अवस्था छ कोही उपलब्धीको गुम्यो भन्छन् कसैलाई आफ्नो विरासत गुमेकोमा चिन्ता छ । सुतेकाहरुलाई उठाउन सकिन्छ तर सुते झै गर्नेलाई उठाउन सकिन्दैन भने झै भाछ । परिर्वतन कति भएको छ सबैलाई थाहा छ तर केही पनि भएको छैन भन्न छाडेका छैनन् हठहरु । नराम्रो देख्ने आँखाले राम्रो पनि देख्नु पर्दछ या भनौ आलोचना गर्नेले आत्मालोचना पनि गर्नु पर्दछ हिजोको जिल्लाको योजना आज गाउमा आएको छ क्षेत्रको योजना वडामा र गाउको योजना टोलमा आएकोछ यो परिर्वतनको उपलब्धी हो । सिंहदरबारको अधिकार गाउघरमा लागु गर्ने प्रतिनिधीहरु सेवक होइन शासक बन्ने बाटोमा लाग्नाले सारा उपलब्धी बालुवामा पानी खन्याएझै भाछ जनताहरु आफ्नो पसिनाको हिसाब गरि रहेका छन् औकात भन्दा ठुलो ठाँटलाई जनताले रुचाएका छैनन् । ठाँटको लागी गरिएको रवैया जनता नाङ्गो नाच झै तमासा हेरिरहेका छन् । समाज परिर्वतनका संवाहकहरुलाई नमन गर्दै परिर्वतनका विरोधीहरुलाई खवरदारी गर्नु आजको आवश्यकता हो । हजारौ राम्रोको बीच एक नराम्रो हुनु भनेको आलुको बोरामा कुहिएको आलु हुनु हो जसलाई निकालेर फ्याक्नु नै सबैभन्दा राम्रो उपाय हो । कुहिएको आलु निकालेर फ्याक्नु वा समाज परिर्वतनका विराधीहरुलाई खवरदारी गर्नु सामान्य कुरा होइन त्यसका लागि हिम्मत चाहिन्छ र त्यो एक्लो व्यक्तिले मात्र सम्भव छैन त्यसका लागि पुरै समाज जागरुक हुनु पर्दछ र कसै न कसैले समाजलाई जागरुक्ता गर्नु पर्दछ यसैलाई ध्यानमा राखेर सत्यकाम मासिक पत्रिकाको प्रकाशन सुरुवात गरेका छौ यस पत्रिकाको मुख्य उदेश्य भनेको नै समृद्ध समाजको लागि सत्यकाम गराउनु हो । सत्यकाम मासिक पत्रिकाको प्रकाशन सुरुवात सगै यसको निरन्तर प्रकाशनको चुनौती पनि आएको छ यसको निरन्तर प्रकाशनका लागि मुख्यतया आर्थिकको आवश्यकता पर्दछ यसका साथै लेख रचना विज्ञापन आदिको पनि आवश्यकता पर्दछ यसका लागि तपाँईसंग अनुरोध गर्दै तपाँई सामु यो सत्यकाम मासिकको पहिलो अंक ल्याएका छौ

धन्यवाद ।

सरल र सफल सुरेन्द्र

ताप्लेजुङ जिल्लाको सानो गाउ चाक्सीवोटेको साधारण साम्सोहाङ लिम्बु परिवारमा बाबु जस बहादुर साम्सोहाङ र आमा फिपावती साम्सोहाङको कोखबाट साइला छोराको रुपमा वि.स.२०२७ मंसिर ३गते जन्म लिनु भएका बल बहादुर साम्सोहाङ २०७४ सालमा ताप्लेजुङ क्षेत्र नं १ बाट प्रदेश नं.१को प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको छ। लामो समय राजनितिमा लागेर जेलनेल र जिम्मेवारी सम्हालेका सरल र सफल क. सुरेन्द्रसंग गरिएको कुराकानीमा आधारित उहाँको संक्षिप्त जिवनी।

> *पाँच जनालाई २०४० साल चैत्र १९ गते पक्राउ गरि थुम्वेदिन चौकीमा लगियो यो बलबहादुरको पहिलो गिरफतारी थियो ।*

वाल्यकाल ताप्लेजुङ जिल्लाको सानो गाउ चाक्सीवोटेको साधारण साम्सोहाङ लिम्बु परिवारमा बाबु जस बहादुर साम्सोहाङ र आमा फिपावती साम्सोहाङको कोखबाट साइला छोराको रुपमा वि.स.२०२७ मंसिर ३ गते जन्म लिनु भएका बल बहादुर साम्सोहाङका तीन दाजुभाई र चार चेलीहरु हुनुहुन्थ्यो । बुवा जस बहादुर साम्सोहाङको २०३१ सालमा मृत्यु भएको कारण र

परिवारमा धेरै छोराछोरी भएकोले पालो गरि पढ्नु पर्ने बाध्यता थियो। घर धन्दा मेलापात र वस्तुभाउ कसैले हेर्नु पर्थ्यो भने कोही विद्यालय जानु पर्थ्यो।

सबै दाजु दिदीको विद्यालय जाने पालो भएको समयमा वल बहादुर भने वस्तुभाउ र मेलापातमा व्यस्त भएता पनि त्यस समय वेलुका पख सबै वरपरका विद्यालय जाने केटाकेटीहरु एकैठाँउ भेला भएर पढ्ने चलन भएकोले उहाँ पनि पढ्न थाल्नु भयो। घर कै स्वअध्ययन पश्चात कान्छा भाइसंगै विद्यालय जान पालो पाउनु भएको उहाँलाई वि.स.२०३९ सालमा चाक्सिवोटे निम्नमाध्यमिक विद्यालयमा कक्षा पाँचमा भर्ना गरियो ।अंग्रेजी विषयमा केही कमजोर भएता पनि विस्तारै उहाँ कक्षामा पहिलो बन्नु भयो । वाल्यकाल देखि नै राजनितिमा चासो राख्ने उहाँलाई १४ बर्षको उमेरमा नै पक्राउ गरि १९ दिन सम्म हिरासतमा राखि ३ महिना तारेखमा राखियो। कक्षा ८ पढ्न अमरपुर जानु भएका सुरेन्द्र माइला दाईलाइ भर्ति भिडाउनको लागि दाई लिन सिक्किम पुग्नु भयो र केही महिना वगानमा काम गर्नु भयो। पढाइमा अव्वल बल बहादुर साम्सोहाङले १९ बर्षमा एस.एल.सि. गर्नु भयो भने २० बर्षको उमेरमा दुई पटक अनेर ास्ववियुको जिल्ला अध्यक्ष बन्नु भयो।

पारिवारिक अवस्था

बाबु जस बहादुर साम्सोहाङ र आमा फिपावती साम्सोहाङको कोखबाट साइला छोराको रुपमा जन्म लिनु भएका बल बहादुर साम्सोहाङको टीकादेवी पालुंवासंग विवाह पश्चात एक छोरी कोपिला साम्सोहाङ र छोरा उत्तम साम्सोहाङ हुनुहुन्छ भने श्रीमती टीकादेवी पालुंवा साम्सोहाङकोस्वर्गारोहणभईसकेकोछ।

शैक्षिक योग्यता

पालो गरि पढ्नु पर्ने बाध्यताका विच घर मै स्वअध्ययन गर्नु भएका बल बहादुर साम्सोहाङ घर कै स्वअध्ययन पश्चात कान्छा भाइसंगै विद्यालय जान पालो पाउनु भएको उहाँलाई वि.स.२०३९ सालमा चाक्सिवोटे निम्नमाध्यमिक विद्यालयमा कक्षा पाँचमा भर्ना गरियो ।अंग्रेजी विषयमा केही कमजोर भएता पनि विस्तारै उहाँ कक्षामा पहिलो बन्नु भयो। कक्षा सात उर्तिण हुदाँ उहा पहिलो बनेर निस्कनु भयो चाक्सिवोटे नि मा वि मा अध्ययनरत रहदा उहाँलाई १४ बर्षको उमेरमा नै पक्राउ गरि १९ दिन सम्म हिरासतमा राखि ३ महिना तारेखमा राखियो। कक्षा ८ पढ्न अमरपुर जानु भएका सुरेन्द्र माइला दाईलाइ भर्ति भिडाउनको लागि दाई लिन सिक्किम पुग्नु

भयो र केही महिना वगानमा काम गर्नु भयो । पढाइमा अव्वल बल बहादुर साम्सोहाङले सिनाम माविबाट वि.स.२०४६ सालमा १९ बर्षको उमेरमा एस.एल.सि. गर्नु भयो भने वि.स.२०४७ सालमा ताप्लेजुङमा पहिलो पटक स्थापना भएको पाथिभरा क्याम्पसमा सस्थापक विद्यार्थीको रुपमा भर्ना भई वि.स.२०५० सालमा मानविकी विषयमा प्रविणता पत्र तह उर्त्तिण गर्नु भई महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाममा स्नातक तहको अध्ययन गर्नु भयो ।

राजनितिको आरम्भ

पञ्चायत कालमा राजनिति भुमिगत रुपमा सञ्चालन हुन्थ्यो इन्द्र साम्सोहाङ,प्रमोद साम्सोहाङ,प्रेम साम्सोहाङ,टेक बहादुर साम्सोहाङ , टेकेन्द्र पौडेल लगायतका चाक्सिवोटेका स्थानिय कार्यकर्ता साथै डुम्रिसेबाट असिम खोयाहाङ थुम्वेदिनबाट वृहस्पति खतिवडा र लक्ष्मण थेवे लगायतका स्थानिय कार्यकर्ताद्धारा पार्टीको सर्म्पकमा पुग्नु भएका बल बहादुर साम्सोहाङ वि.स.२०३५ -०३६ सालमा नै भुमिगत नेताहरु कुलप्रसाद उप्रेती,डिल्लि प्रसाई, डिल्ली खरेल तिलकुमार मेन्याङ्वो लगायतका नेताहरुसंग नियमित भेटघाटमा हुनुहुरुन्थ्यो ।

वि.स.२०३९ सालमा चाक्सिवोटे निम्नमाध्यमिक विद्यालयमा कक्षा पाँचमा भर्ना भई अध्ययन थाल्नुभएका बल बहादुर साम्सोहाङको त्यहि विद्यालयबाट औपचारिक राजतितिक यात्राको अनेरास्ववियुमा संगठित भए पछि भयो । विद्यालय अध्ययनको क्रममा नै वि.स. २०४० सालमा अनेरास्ववियुको राष्टिय सप्ताह कार्यक्रमको अवसरमा चाक्सिवोटे निमाविमा सरसफाई तथा वृक्षारोपणको कार्यक्रम गर्दा उहाँ लगायत अन्य साथीहरु पक्राउ पर्नु भयो ।

पहिलो पटकको गिरफतारी र यातना

वि.स. २०३५-०३६ साल तिर नै भुमिगत नेताहरुसंगको नियमित भेटघाटले होला बलबहादुर निमाविमा अध्ययन गर्न थाले लगतै अनेरास्ववियुमा संगठित भएर राजनितिक क्रियाकलापहरु गर्न थाल्नुभयो । वि.स. २०४० सालमा अनेरास्ववियुको राष्टिय सप्ताह कार्यक्रमको अवसरमा चाक्सिवोटे निमाविमा सरसफाई तथा वृक्षारोपणको कार्यक्रम गर्दा उहाँ लगायत अन्य साथीहरु पक्राउ पर्नु भयो । करिब १४ बर्षको

बालककालमा नै विद्यालयका शिक्षकद्वय इन्द्र साम्सोहाङ र टेकेन्द्र पौडेल सहित मेदनी ओली , चन्द्र ओली र बल बहादुर साम्सोहाङ गरी जम्मा पाँच जनालाई २०४० साल चैत्र १९ गते पक्राउ गरि थुम्वेदिन चौकीमा लगियो यो बलबहादुरकोपहिलोगिरफतारीथियो। थुम्वेदिन जाने चिया विस्कुट खाने र फर्कने भनि लगिएको सुरेन्द्रलाई तलामाथी र टेकेन्द्र पौडेल चन्द्र ओली र मेदनी ओलीलाई तलामुनी यातना दिने काम गरे कठोर यातनाबाट पनि सुरेन्द्र र टेकेन्द्रले गोपनियता खोलेनन् भने सामान्य यातना पाएपछि मेदनी ओली र चन्द्र ओलीले यातना सहन नसकेर पर्चा पम्लेट राखेको स्थान र वितरण गर्न लगाउने टेकेन्द्र पौडेल र प्रमोद साम्सोहाङ हो भनि कुरा खोली दिए त्यसपश्चात टेकेन्द्र पौडेल माथि कठोर यातना भयो भने मेदनी र चन्द्र ओली भोलीपल्ट २० गते रिहा भए ।

आएको गस्ती टोलीले इन्द्र सरलाई यातना दिने काम गरे भने टेकेन्द्र सरलाइ थप यातना दिइयो र सिनाम लगेर एकरात तेल्लोक लगेर एकरात राखेर तेल्लोकबाट दुइ जना प्रहरीको साथमा पक्राउ परेका जतिलाई सदरमुकाम ताप्लेजुङ पठाइयो त्यो दिन उहाँहरु फावाखोला तेम्वेवामा वास वस्नु

भयो । यातनाको कारण टेकेन्द्र सरलाई चोट लागेको थियो । घाउ पाकेपछि टेकेन्द्र सर हिड्न नसक्ने अवस्थाको बन्नु भयो त्यस पछि उहाँलाई बोक्ने भरियाको व्यवस्था गरियो ठुलो ज्यानको टेकेन्द्र सरलाई भरियाले धेरै समय बोक्नै सकेनन त्यस पछि टेकेन्द्र सर

लौरो टेकेर विस्तारै हिड्नु भयो भने बल बहादुर ठुलो धोक्रे झोला बोकेर हिड्नु भयो आराम गरेको वेला सुरेन्द्रले बोकेको झोलालाई सिरानी लगाएर टेकेन्द्र सर सुत्नु हुन्थ्यो । तेम्वेवाबाट फुङलिङ आई पुगेपछि प्रहरीहरुको सल्लाहमा वतासेमा बास बसी विहान मात्रै जिल्लामा हाजिर हुने तयारी गरियो । भोलीपल्ट हाजिर हुनासाथ हिरासतमा थुनियो । सानो कोठामा १९ दिन सम्म कठिन तरिकाबाट बस्नु पर्‍यो । सरकारले राजनितिमा लागेका हरुलाई जेल चलान गरिरहेको भएता पनि सुरेन्द्रलाई छोड्ने कुरा हुन्थ्यो अन्तिम दिनमा सिडिओको गार्डले सुरेन्द्रलाई बोलाएर सिडिओमा

लग्यो । सिडिओले सोधपुछ गर्‍यो सुरेन्द्रले पहिलेकै साविक वयान थुम्वेदिन जाने चिया विस्कुट खाने भनि विद्यालयबाट लिएर आएको वयान गरेपछि सुरेन्द्रले लगाई राखेको दाइले सिक्किमबाट ल्याईदिएको रातो घोप्टे टोपी हेरेर हेर्दै पर्चा पम्लेट गर्ने जस्तो छ भन्दै छिटोछिटोको तारिख लगाएर रिहा गरियो । रिहा भए पश्चात हिरासत पुग्दा हिरासतमा रहेका साथीहरु जेल चलान भई सकेका थिए । हिरासतबाट छुटे पछि घरबाट ल्याइ दिएको घिउको हर्पे र कपडा लिएर घर फर्कनु पर्ने भयो । वेलावेलामा आमासंग पेन्सन थाप्न सदरमुकाम आउनु भएको सुरेन्द्रलाई राम्रोसंग बाटो थाहा थिएन उहाँले सो को जानकारी गराए पछि प्रहरीहरुले चिने जानेको मान्छेसंग भेटहोला भनेर विरेन्द्र शिल्ड हुदै गरेको ठाँउ भानु माविमा लगेर गए त्यहा चिनजानको थेचम्वुका शिक्षक कुमार गुरुङसंग भेट भयो कुमार सरले पहिला नै पक्राउ परेको सुन्नु भएको रहेछ त्यहा सुरेन्द्रलाई देखेर छक्क पर्नु भयो र थेचम्बु घर लगेर राख्नु भयो त्यहीबाट पहिलो पटक सुरेन्द्र तारिखको हाजिर हुनु भयो तर चट् याङको कारण सिडिओको मृत्यु भएकोले तारेख लगाउदै छोडियो करिब ३ महिनाको लामो तारेखमा पटक पटक मानसिक यातना दिने काम भयो र अन्तिममा आइन्दा यस्तो काम गरे तमोरमा बगाउने ,पचास चोटी उठबस गर्न लगाउने जस्ता धम्की दिने भन्दै छोडियो ।

सांगठनिक जिम्मेवारी -

पञ्चायत कालमा राजनिति

भुमिगत रुपमा सञ्चालन हुन्थ्यो इन्द्र साम्सोहाङ,प्रमोद साम्सोहाङ,प्रेम साम्सोहाङ,टेक बहादुर साम्सोहाङ , टेकेन्द्रपौडेललगायतकाचाक्सिवोटेका स्थानिय कार्यकर्ता साथै डुम्रिसेबाट असिम खोयाहाङ थुम्वेदिनबाट वृहस्पति खतिवडा र लक्ष्मण थेवे लगायतका स्थानिय कार्यकर्ताद्धारा पार्टीको सर्म्पकमा पुग्नु भएका बल बहादुर साम्सोहाङ वि.स.२०३५ -०३६ सालमा नै भुमिगत नेताहरु कुलप्रसाद उप्रेती,डिल्लि प्रसाई, डिल्ली खरेल तिलकुमार मेन्याङ्वो लगायतका नेताहरुसंग नियमित भेटघाटमा हुनुहुरुन्थ्यो ।

वि.स.२०३९ सालमा चाक्सिवोटे निम्नमाध्यमिक विद्यालयमा कक्षा पाँचमा भर्ना भई अध्ययन थाल्नुभएका बल बहादुर साम्सोहाङको त्यहि विद्यालयबाट औपचारिक राजतितिक यात्राको आरम्भ अनेरास्ववियुमा संगठित भए पछि भयो । वि.स. २०४० सालमा अनेरास्ववियुको राष्टिय सप्ताह कार्यक्रमको अवसरमा चाक्सिवोटे निमाविमा सरसफाई तथा वृक्षारोपणको कार्यक्रम गर्दा उहाँ लगायत अन्य साथीहरु पक्राउ पर्नु भयो । करिब १४ बर्षको बालककालमा नै विद्यालयका शिक्षकद्दय इन्द्र साम्सोहाङ र टेकेन्द्र पौडेल सहित मेदनी ओली , चन्द्र ओली र बल बहादुर साम्सोहाङ गरी जम्मा पाँच जनालाई २०४० साल चैत्र १९

गते पक्राउ गरि थुम्वेदिन चौकीमा लगियो यो बलबहादुरको पहिलो गिरफतारी थियो । त्यस समयमा सुरेन्द्र विद्यार्थी संगठनको इलाका कमिटीमा समेत रहनु भएको थियो। सिनाम माविमा अध्ययनरत रहदा २०४५सालमा सदरमुकाम नजिक नाङ्खोल्याङको डालकुमार राईको घरमा भएको अनेरास्ववियुको आठौ जिल्ला सम्मेलनबाट सुरेनद्र पहिलो पटक जिल्ला कमिटि अध्यक्षमा निर्वाचित हुनुभयो । पाथिभरा क्याम्पस ताप्लेजुङमा अध्ययनरत रहदा २०४७ सालमा अनेर स्ववियुको नवौ जिल्ला सम्मेलनबाट सुरेनद्र दोस्रो पटक जिल्ला कमिटि अध्यक्षमा निर्वाचित हुनुभयो । वाल्यकालमै पक्राउ पर्नु भएको र लामो समय विद्यार्थी संगठनको नेतृत्व गर्नु भएको सुरेन्द्र सम्सोहाङलाई २०४७ माघ १० गते मात्र पार्टी सदस्यता प्राप्त भयो । दशौं जिल्ला सम्मेलनबाट वालचन्द्र आङबुहाङ अनेर स्ववियुको जिल्ला अध्यक्षमा निर्वाचित भएता पनि छोटो समयमा नै फेरी २०४९ सालमा भएको अनेरास्ववियुको ११औं जिल्ला सम्मेलनबाट पुन तेस्रो पटक सुरेन्द्र विद्यार्थी संगठनको अध्यक्ष बन्नु भयो त्यसैगरि २०५० सालको अनेरास्ववियुको १२औं राष्टिय सम्मेलनबाट केन्द्रिय कमिटिको सदस्यमा निर्वाचित हुनुभयो ।

वि.स.२०५१ सालको मध्यावधी चुनाव पछि काजिमान साम्सोहाङले पार्टीमा राजिनामा गर्नु भयो त्यसलाई रोक्न जिल्ला तथा केन्द्रको नेता र नेतृत्वहरुबाट पहल भयो तर काजिमान साम्सोहाङले नमाने पछि पार्टीले राजिनामा स्विकृत गर्‍यो र रिक्त स्थानमा सुरेन्द्र साम्सोहाङलाई मनोनयन गर्‍यो सोही समयमा टंक कार्कीलाई पनि जिल्ला कमिटि सदस्यमा मनोनयन गरिएको थियो । वि.स.२०५३ सालबाट करिब १५बर्षसम्म ने.क.पा.(एमाले)जिल्ला पार्टी कार्यालय सचिवको जिम्मेवारी वहन गर्नु भएको समयमा सुरेन्द्र साम्सोहाङ वि.स. २०५४ सालको स्थानिय निर्वाचनमा चाक्सीवोटे गा.वि.स.बाट उपाध्यक्षमा निर्विरोध निर्वाचित हुनुभयो । कार्यालय सचिव रहदा २०६३ सालको जनआन्दोलनको समयमा दोस्रो पटक पक्राउ पर्नु भयो । लामो समय कार्यालय सचिवको जिम्मेवारी सम्हाल्नु भएको सुरेन्द्र साम्सोहाङ २०६६ साल पौषमा सम्पन्न पार्टीको नवौं

जिल्ला अधिवेशनबाट सचिवमा निर्वाचित हुनुभयो । २०७१ साल मंसिरमा सम्पन्न पार्टीको दशौं जिल्ला अधिवेशनबाट अध्यक्षमा निर्वाचित हुनुभयो । अध्यक्षको जिम्मेवारीमा रहनु भएका सुरेन्द्र साम्सोहाङ २०७४ सालको प्रदेशसभा निर्वाचनमा एमाले माओवादी केन्द्रको संयुक्त उम्मेदवार बन्नु भयो र ताप्लेजुङ क्षेत्र नं. १ बाट प्रदेशसभाको सदस्यमा निर्वाचित हुनुभयो । एमाले र माओवादी केन्द्रको एकता पछि बनेको नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.)को १ नम्बर प्रदेश कमिटि सदस्यमा मनोनयन हुनु भएको छ ।

जन प्रतिनिधिको अनुभव-

प्रजातनत्रको पुन स्थापना पछि देशमा निर्वाचनको माहोल निर्माण हुन गयो स्थानिय निर्वाचन २०४९ को लागि पार्टीले चाक्सीवोटे गा.वि.स.को लागि टिकट प्राप्त गरेता पनि उमेर नपुगेको कारण उम्मेदवारी नदिएको बताउनु हुने बल बहादुर साम्सोहाङले पुन २०५४ सालको स्थानिय निर्वाचनमा अध्यक्षको टिकट पाउनु भयो । टिकट प्राप्त गरेपछि चुनावी तयारीमा लाग्नु भयो विस्तारै चुनावी माहोल बुझ्रेर आउदो निर्वाचन एकलौटी विजय गर्ने विचार लिएर २०५४ को निर्वाचन नेपाली काँग्रससंग सहमति गरी अगाडी बढ्ने सोच बनाउनु भयो र छलफल भयो छलफलबाट अध्यक्ष सहित ४ वडा अध्यक्ष काँग्रेसको र एमालेलाई उपाध्यक्ष सहित ५ वडा अध्यक्ष भागवण्डा गरियो भने सदस्यहरु एमालेको भागमा बहुमत प्राप्त हुने गरि निर्विरोध निर्वाचन गर्ने सहमति भयो तर काजिमान साम्सोहाङ भिक कुमार साम्सोहाङ घनेन्द्र खालिङ लगायत यो सहमति मन नपराउनेहरुले यसको विरुद्धमा झेमलाल राईलाई अध्यक्षको उम्मेदवार खडा गरे भने मेमे तामाङलाई वडा अध्यक्षमा उम्मेदवारी दिन लगाए तर छलफल पछि पुन निविरोध निर्वाचन सम्पन्न भयो त्यसवखत पुर्वाञ्चल भरिमा पुरै गाउ निर्विरोध भएको चाक्सीवोटे मात्रै थियो यो निर्वाचनमा सुरेन्द्र साम्सोहाङ निर्विरोध गा.वि.स उपाध्यक्षमा निर्वाचित हुनुभयो । उपाध्यक्ष भएपछि चाक्सीवोटे माविको व्यवस्थापन

समितिको अध्यक्ष बनेर विद्यालय पुनर्निर्माणको कार्य अगाडी बढाएर विद्यालयको नयाँ भवन निर्माण गरियो । पार्टी कार्यालय सचिव निर्वाचित गा.वि.स. उपाध्यक्ष र विद्यालय व्यवस्थापन समितिको विविध जिम्मेवारी एकैसाथ सम्हाल्नु भएको सुरेन्द्रले जनताका समस्याको समाधान, वजेटको सही वितरण विद्यालय क्षेत्रको सर्वागिण विकासमा एकै पटक काम गर्न थाल्नुभयो । कार्यालय सचिव रहदा नियमित कार्यालयमा रहेर जनता र पार्टी कार्यकताको काम गरेको सुरेन्द्रलाई पार्टी सचिवमा निर्वाचित गरे पश्चात अध्यक्षको पनि जिम्मेवारी दिइयो यसका साथै अध्यक्षको जिम्मेवारीमा रहनु भएका सुरेन्द्र साम्सोहाङ २०७४ सालको प्रदेशसभा निर्वाचनमा एमाले माओवादी केन्द्रको संयुक्त उम्मेदवार बन्नु भयो र ताप्लेजुङ क्षेत्र नं. १ बाट प्रदेशसभाको सदस्यमा निर्वाचित हुनुभयो ।

सामाजिक कार्यको अगुवाई

वि.स.२०५५ सालमा चाक्सीवोटे माविको व्यवस्थापन समितिको अध्यक्षको जिम्मेवारीमा रहनु भएको समयमा चाक्सीवोटे माविमा प्रधानअध्यापक लाल

बहादुर लक्सम **(L B)** सर हुनु हुन्थ्यो । त्यस वखत विद्यालयमा भएको वेरुजु फर्स्यौट गर्ने पहल गर्नु भएका सुरेन्द्रले दिनरात गरेर लाल बहादुर लक्समको पालामा तलव भत्ताबाट वचेको रकम ,विल भर्पाई र शुल्कहरु अनियमितता गरेको र खर्चको विवरण नराखेको गरेर करिव ४ लाख वेरुजु भएको अनुमान गरि सार्वजनिक गरियो तर वेरुजु फर्स्यौट गर्न सम परिक्षण गर्दा लाल बहादुर लक्समको नाममा १ लाख ५६ हजार वेरुजु निस्कियो यसबाट सुरेन्द्र दुखित हुनुभयो ।वेरुजु मध्येको ७० हजार रकम तातकालिन ने.क.पा. माओवादीले तत्काल तिरायो भने अरु रकम तलव भत्ताबाट असुल उपर गरियो । यस पछि गाउ समाजमा सकारात्मक प्रभाव परयो । वि.स. २०६३ सालमा पाथिभरा क्षेत्र विकास समितिको कार्यकारी निर्देशकमा राजनितिक नियुक्ती भएपछि भौतिक पुर्वाधार मन्त्रालयबाट पाथिभरा क्षेत्रको गुरुयोजना निर्माण गराउनु भयो । वि.स. २०६४ साल असोज २ गते पाथिभरा क्याम्पसको अध्यक्षमा त्रि.वि.वि.बाट मनोनयन गरेपछि पाथिभरा क्याम्पस सञ्चालन विद्यान निर्माण गराउनु भयो यस

पश्चात कर्मचारी र प्राध्यापकहरुले पाउने सेवा सुविधाको निश्चित गरियो । अयोग्य प्राध्यापकले पढाउने चलनको अन्त्य गरियो । २०७० सालमा दोस्रो कार्यकालका लागि पुन त्रि.वि.वि.बाट पुन अध्यक्षमा नियुक्ती हुनुभयो । वि.स. २०६८ असार १५ गते स्थानिय विकास मन्त्रालयबाट बल बहादुर साम्सोहाङ (सुरेन्द्र) दुर्गम क्षेत्र विकास समितिको सदस्यमा मनोनयन हुनुभयो ।

पार्टी एकता बारे

ने.क.पा.(एमाले)को जिल्ला अध्यक्ष रहनु भएको बल बहादुर साम्सोहाङपार्टीएकतालाई दुरगामी दृष्टिकोणबाट हेर्नु पर्ने बताउनुहुन्छ । संगठन एक नभइनजेल छुट्टा छुट्टै भएपनि एउटै ,एउटै भएपनि छुट्टा छुट्टै हुनु पर्ने र आआफ्नो दावी राख्नुपर्ने बताउनुहुन्छ त्यो कार्यकर्ता व्यवस्थापनको लागि भएको वताउनु हुन्छ यसका साथै पार्टी एकता कार्यदलको छलफल पश्चात हुने र एउटै पार्टी भएपछि विस्तारै नेतृत्व निर्माणहुने बताउनु हुन्छ

विकास निर्माणबारे

चुनौती र अवसर दुवै देख्नुहुने सुरेन्द्र मुख्य मुख्य सडकहरु चाडै गन्तव्यमा पुर्‍याउनु पर्ने बताउनु हुन्छ । मुख्य सडकबाट शाखा सडक सञ्जालले वडा टोल र गाउहरु जोड्नु पर्ने बताउनु हुन्छ ।
ग्रामिण विद्युतीकरण चाडै सम्पन्न गरी जिल्लालाई अध्याँरो मुक्त जिल्ला घोषण गर्नु पर्ने र त्यसका लागि केन्द्रको ९० प्रतिशत र स्थानियको १० प्रतिशत लगानी हुनुपर्नेमा जोड दिनुहुन्छ । नयाँ शैक्षिक कार्यक्रम नआइनजेल यही पुर्वाधारले धान्ने बताउनु हुदै प्राविधिक तथा रोजगार मुलक शिक्षामा जोड दिदै खानेपानी र अस्पतालहरु व्यवस्थित गर्नु पर्नेमा जोड दिनु हुन्छ । विकास निर्माण कार्यमा रकमको दुरुपयोग हुने कुराले हामीलाई अप्ठ्यारोमा पारी रहेकोले चाडै यसको हल गर्न अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने वताउनु हुन्छ यसका लागि उपभोक्ता समिति , निर्माण व्यावसायी, नागरिक समाज ,पत्रकार र आम जनता एक भई सुपरिवेक्षण र अनुगमन गर्नु पर्ने वताउनु हुन्छ । कृषिबाट यहाँको जनताको समृद्धि हुने योजना सुनाउनु हुदै एकिकृत वस्तिको विकास गर्नुपर्ने र खेतीयोग्य जमिनमा आधुनिक तरिकाबाट खेती र भुगोल अनुसार जडिबुटी र नगदे वाली लगाउनु पर्नेमा जोड दिनुहुन्छ । सरकारी सुविधाको उपयोग गर्दै कृषि क्षेत्रमा लाग्नाले चाडै जनता समृद्ध हुने विचार व्यक्त गर्नु हुने सुरेन्द्र समाज र जनताको विकासमा निरन्तर लागि रहने बताउनु हुन्छ

'अब नसुध्रिने मन्त्रीको टिकट काटिन्छ'

स्थायी कमिटीको बैठकपछि सबैको अनुहार उज्यालो भएको छः योगेश भट्टराई

'अब नसुध्रिने मन्त्रीको टिकट काटिन्छ' स्थायी कमिटीको बैठकपछि सबैको अनुहार उज्यालो भएको छः योगेश भट्टराई

अनलाइनखबर
२०७५ पुष १५ गते मा प्रकाशित

१५ पुस, काठमाडौं । नेकपाका युवा नेता योगेश भट्टराई सधैं केपी ओलीका स्थायी प्रतिपक्षजस्ता प्रतीत हुन्थे । योसाता स्थायी कमिटीको बैठक सकिएपछि हामीले भेट्दा उनी निकै प्रफुल्ल मुद्रामा प्रस्तुत भए । सांसद भट्टराईले भने('प्रधानमन्त्रीले सरकारले गरेको काममा पनि काँध थाप्नुस् भन्नुभयो । हामी त त्यही भारी बोक्न नपाएर छटपटिरहेका थियौं, त्यसैले बोक्छौं भनेका छौं ।'

स्थायी कमिटीको बैठकपछि नेकपाका सबै नेताहरुको अनुहार उज्यालो बनेको भट्टराईले दाबी गरे । माधव नेपालको पनि भूमिका बैठकमा राम्रो देखिएको उनले सुनाए । साथै, अब आफ्नो कार्यशैली नसुधार्ने मन्त्रीहरुको टिकट काटिने भट्टराईले ठोकुवा गरे । प्रधानमन्त्रीले सरकारका कामबारे नियमित रिपोर्टिङ गर्ने आश्वासन दिएको उनले बताए ।

नेकपाको बैठकमा के कस्ता छलफलहरु भए ? राजनीतिक वैचारिकरुपमा बैठकले कस्तो बाटो अंगीकार गर्‍यो ? यिनै विषयमा युवा नेता भट्टराईसँग अनलाइनखबरले गरेको संश्लेषणात्मक कुराकानीः

हालै सम्पन्न स्थायी कमिटी बैठकका उपलब्धी के के हुन् ? १, २, ३'

पहिलो, लामो समयपछि हाम्रो पार्टीमा धेरै राम्रो ढंगले खुला खुलस्त छलफल भयो । केही निष्कर्ष ननिस्किएको भए पनि मैले यसलाई उपलब्धी मान्थें । किनभने, पार्टीमा जिम्मेवार नेताहरुले आफ्नो कुरा बिना हिच्किचाहट राखे । यसले पार्टीलाई मन्थन गर्‍यो । पार्टी एकतापछि मात्र होइन, नेकपा एमालेमै पनि पछिल्लो समय यस्ता छलफल हुन सकेको थिएन । बैठकहरु बस्थे तर, ज्यादा औपचारिकतामा सीमित हुन्थे । नेताहरु आउने, एक दुईवटा भाषण गर्ने हिँड्ने । त्यसैलाई बैठक भन्थ्यौं हामी । तर, योपटक हामीले अन्तरकुन्तर, वादप्रतिवाद मात्र होइन, आरोपप्रत्यारोप पनि गर्‍यौं । त्यसैले यो राम्रो भयो ।

प्रधानमन्त्रीले सरकारबारे नियमित पार्टी संगठनमा रिपोर्ट गर्छु, सरकारले गरेको काममा पनि काँध थाप्नुस् भन्नुभयो । हामीले भन्यौं, हामी त त्यही बोक्न नपाएर छटपटिरहेका थियौं ।अब तपाईले बोक्ने भारी दिनुभयो, बोक्छौं दोस्रो, पार्टी एकीकरणमा ढिलाइ भएको हो भन्ने साझा निष्कर्षमा हामी पुग्यौं ।

त्यसका निम्ति पुस महिनाभित्र पार्टी एकीकरणका बाँकी काम सम्पन्न गर्ने भनेर कार्यदल बनायौं । अब कार्यदलले पार्टी एकताबारे स्पष्ट मापदण्ड तय गर्छ । विगतमा भएका सांगठनिक निर्णयहरुको पनि पुनरावलोकन गर्छ र एउटा प्रतिवेदन १० दिनभित्र अध्यक्षलाई बुझाउँछौं । उहाँहरुले त्यसको अध्ययन गरेपछि तुरुन्तै स्थायी कमिटी बैठक बसेर पुस मसान्तभित्र जिल्ला र तहसम्म एकीकरण सक्ने गरी कार्ययोजना बनाउँछौं ।

तेस्रो, हाम्रो पार्टीमा आलोचना, आत्मालोचनाको प्रणालीहरु ध्वस्त भएका थिए, कमजोर भएका थिए । यस पटक नेतृत्वको सन्दर्भमा पनि पर्याप्त आलोचना भए, नेताहरुले पनि आफ्ना गुनासा र कतिपय सन्दर्भमा अरुका कमजोरी खुलस्त राखिदिनुभयो । जस्तो(कतिपय सन्दर्भमा मैले अध्यक्षले यस्तो गर्नुभयो, उस्तो गर्नुभयो भनें, अध्यक्षको सन्दर्भमा यो आलोचना भयो । अध्यक्षले पनि मलाई तपाईको पनि यी कमजोरी छन् भन्नुभयो । त्यो धेरै राम्रो भयो । यसले कम्युनिस्ट पार्टीको आलोचना(आत्मालोचनाको परम्परालाई फेरि पुनर्स्थापित गर्न खोज्यो ।

> पार्टीभित्रका केही असमझदारी हटाउँदै, कम गर्दै थप एकतावद्ध, सुदृढ गरेको छ, पार्टी नेता कार्यकर्तामा आशावादिता जगाएको छ ।

चौथो, पुरानो एमाले र माओवादीबीच घुलमिल नै भएको थिएन । एकता गर्‍यौं, आ(आफ्नो बाटो हिँड्यौं । हामी प्रचण्ड कमरेडलाई भेट्न नजाने, माओवादी साथीहरु केपी ओली वा अरु कमरेडलाई भेट्न नआउने । माओवादी साथीहरु पेरिसडाँडातिर जाने, एमाले साथीहरु धुम्बाराहीतिर जाने यस्तै चलिरहेको थियो । तर, लगातार ११र१२ दिन पार्टी कार्यालयमै बैठक बसेर एकअर्कालाई राम्ररी चिन्ने मौका पायौं ।

त्यस अर्थमा अध्यक्ष प्रचण्डले मेरा लागि अहिलेसम्मकै सबैभन्दा उन्नत स्कुल हो भन्नुभएको छ यो बैठकलाई । केपी कमरेडले बैठक समापन गर्दा हामी सम्पूर्ण ढंगले केन्द्रीकृत भयौं र पार्टीलाई केन्द्रीकृत गर्‍यौं भन्नुभएको छ । नेताहरुले यो महसुस गर्नु बैठकको उपलब्धी हो ।

पाँचौं, सरकारबारे हामी ज्यादा सार्वजनिक टिप्पणीहरु गरिरहेका थियौं । त्यो स्वभाविक किन थियो भने आन्तरिक प्लेटफर्महरु जीवित नभएपछि बाहिर चर्चा हुन्थ्यो । त्यसलाई प्रधानमन्त्रीले हाम्रो कमजोरीका रुपमा पनि औंल्याउनुभयो र भन्नुभयो, किन बाहिर बोल्नुभयो ? हामीले भन्यौं, तपाईले भित्र बोल्ने वातावरण बनाउनुभएन, त्यसैले बाहिर बोल्यौं । भित्र बोल्ने वातावरण बनाउनुस्, बाहिर बोलिन्न ।

प्रधानमन्त्रीले त्यसलाई स्वीकार गर्नुभयो र सरकारबारे नियमित पार्टी संगठनमा रिपोर्ट गर्छु, सरकारले गरेको काममा पनि काँध थाप्नुस् भन्नुभयो । हामीले भन्यौं, हामी त त्यही बोक्न नपाएर छटपटिरहेका थियौं । त्यसैले तपाईले बोक्ने भारी दिनुभयो, बोक्छौं भनेका छौं । त्यसैले सरकारबारे पनि थप स्पष्ट भएको छ र यो बैठकले प्रधानमन्त्रीलाई सरकारलाई अझ चुस्त, गतिशील र फुर्तिलो बनाउन के(के सुधार गर्नुपर्ने रहेछ भन्ने पर्याप्त ज्ञान भएको छ ।

निष्कर्षमा भन्दा पार्टीभित्रका केही असमझदारी हटाउँदै, कम गर्दै थप एकतावद्ध, सुदृढ गरेको छ, पार्टी नेता कार्यकर्तामा आशावादिता जगाएको छ । कार्यकर्तामा भएको आशावादिता जनस्तरमा सञ्चार भयो भने हामीबारे भएको टीकाटिप्पणी मत्थर हुँदै जानेछ ।

माघ दोस्रो, तेस्रो साता केन्द्रीय कमिटी बैठक बोलाउने समझदारी भएको छ । फागुन र चैतमा देशव्यापी संगठनात्मक अभियानमा जान्छौं, त्यसको पूर्वाधार यो बैठकले तयार गरेको छ ।

तपाईले यो बैठकबाट उत्साहको सञ्चार भएको छ भन्नुभयो । तर, बैठकमा त नयाँ गुट पो जन्मिएको देखियो । वामदेव गौतमले फरक मत नै राख्नुभयो नि ?

वामदेव कमरेडले केही असहमतिहरु प्रष्ट भाषामा राख्नुभएको छ । उहाँका कतिपय कुरामा म सहमत नहुन सक्छु । तर, आफ्ना कुरा राख्ने जुन साहस गर्नुभएको छ, त्यसको प्रशंसा गर्छु । कतिपय वैचारिक कुरा छन्, कतिपय प्रधानमन्त्रीको कार्यशैलीगत छन् । कतिपय चाहिँ प्रधानमन्त्री र उहाँबीचमा, अझै प्रष्टभन्दा केपी ओली र बामदेव गौतमको बीचमा विगतमा भएका समझदारीहरु र त्यो खल्बलिँदा उत्पन्न भएका प्रतिक्रियाका रुपमा पनि आएका छन् ।

यो पार्टी निर्माणमा वामदेव गौतमको अतुलनीय भूमिका छ, यसलाई कसैले पनि नजरअन्दाज गर्न सक्दैन । उहाँ हाम्रो पार्टीको कुशल संगठक हो, जबर जस्त मास लिडर पनि हो र हिम्मतिलो नेता पनि हो । अप्ठ्यारो पर्दा पार्टीलाई धेरै काँध थाप्नु पनि भएको छ । कतिपय उहाँका अस्थिर सोचहरुले पार्टीलाई घाटा पनि भएको छ । शायद ७० वर्ष टेकेका वामदेवबारे ज्यादा टिप्पणी गर्नु उपयुक्त हुँदैन ।

हाम्रो प्रश्न, यो बैठकमा केपी र वामदेवबीच दुरी घट्ने संकेत देखियो कि झनै बढ्यो ?

यो बैठकले हाम्रो पार्टीको सिंगो स्थायी कमिटीका ४५ जना र पदेन साथीहरुसहित ५१ जनाको दुरीलाई घटाएको छ । बैठक सुरु हुनुभन्दा अगाडिको अवस्था हेर्दा बढ्छ कि भन्ने चिन्ता थियो । हामी अलि टाढाटाढा जाँदै थियौं तर, बैठकमा हामीले एकअर्कालाई माझ्यौं ।

जसरी साबुन र जाली लगाएर माझ्दै जाँदा भाँडाहरु टल्किन्छन्, उज्यालो हुन्छ । मलाई लाग्छ, यो बैठकमा हामीले एकअर्कालाई मस्काउँदा सबैको अनुहार उज्यालो नै भएको छ ।

तर, वरिष्ठ नेता माधवकुमार नेपालको अनुहारचाहिँ अँध्यारो भयो भन्छन् नि ? एशिया प्यासिफिक समिटलाई लिएर उहाँको व्यापक आलोचना भयो'.

एशिया प्यासिफिक समिटबारे अरु कोही नेताभन्दा बढी जिम्मेवार माधव कमरेड हुनैपर्छ । किनभने उहाँ त्यसको संयोजक नै हुनुहुन्थ्यो । र, पार्टीको बैठकमा उहाँले जुन स्पष्ट पार्नुभयो, मेरो विचारमा त्यो पर्याप्त छ । उहाँको आत्मालोचित शैलीमा प्रष्टीकरण थियो ।

खासगरी सरकार र संसदको लोगो प्रयोग, कतिपय सल्लाह नभएका कार्यक्रम थपिनुजस्ता कमजोरी भएकै हो । यसमा माधव नेपाल र प्रधानमन्त्री दुबैजनाले स्पष्टीकरण दिनुभयो ।

उहाँहरुले के भन्नुभयो ? कसरी आत्मालोचना गर्नुभयो ?

यसमा दुईवटा पक्ष छन् । सम्मेलन नेपालमा हुनु राम्रो हो । हिन्दु, वुद्धिष्ट, ईसाईका सम्मेलन नेपालमा हुनु आफैंमा राम्रो हो । यसले मुलुकको एक्पोजर हुन्छ । कतिपय देशका सरकार र राष्ट्रप्रमुख आए, उनीहरुसँग द्वीपक्षीय छलफल भयो, त्यसमा पनि नेपाललाई घाटा भएको छैन । १५००र२००० विदेशी आए, पर्यटन प्रवर्धन र आर्थिक गतिविधिका हिसाबले फाइदा नै भयो । विभिन्न धर्मका गुरुहरु एकै ठाउँमा जम्मा भएर शान्तिको अपील गरे, जहाँ भर्खर द्वन्द्व अन्त्य गरेर शान्ति आएको छ, यसलाई कसैले नराम्रो भन्नुहुँदैन र भनेको पनि छैन ।

तर, यसमा जुन तहबाट पार्टी र सरकारको नेतृत्व संलग्न भयो, त्यो हुनुपर्ने भन्दा ज्यादा भयो । त्यसअर्थमा नेतृत्वको तर्फबाट आत्मालोचना भएको छ । कमजोरी भयो भन्ने स्वीकार गरिएको छ ।

हामीले प्रतिवद्धता फेरि जाहेर गरेका छौं कि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) कुनै धर्म र जाति विशेषको पार्टी होइन । सबै धर्म, जात, भाषा, संस्कृतिमा आवद्ध नेपाली समुदायको साझा पार्टी हो । हामी सबैप्रति समान भाव राख्छौं । र, धर्मका आवरणमा नेपालभित्र हुने कुनै पनि चलखेल स्वीकार्य छैन भनेर आफ्नो बैठक समापन गर्ने क्रममा भनेका छौं ।

यसको शिक्षाका रुपमा आइन्दा यस्ता कार्यक्रमहरुका सन्दर्भमा संवेदनशील ढंगले सोची विचारी मात्र भाग लिने

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) कुनै धर्म र जाति विशेषको पार्टी होइन । सबै धर्म, जात, भाषा, संस्कृतिमा आवद्ध नेपाली समुदायको साझा पार्टी हो ।

भनेर नेताहरुले भन्नुभएको छ । बैठकको निर्णय पनि त्यही भयो ।

यो बैठकमा माधवकुमार नेपालको पोजिसनचाहिँ कहाँ रह्यो त ? पूर्वएमालेमा 'माधव गुट' नै थियो, अहिले वामदेव भर्सेस ओलीजस्तो देखियो'.

एशिया प्यासिफिक समिटबारे धेरै प्रश्न त माधव नेपालमाथि नै उठ् यो । त्यो उठाउने हिजो माधव नेपाल समूहका भनिएकै साथीहरु थियौं । यदि उहाँलाई जोगाउनु थियो भने त हामीले नबोलेको भए हुन्थ्यो हाहाहा' । स्वभाविकै हो कि दुईटा अध्यक्ष भइसकेपछि तेस्रो व्यक्तिको भूमिका सोचेजस्तो हुँदैन । पार्टीमा अध्यक्षहरु नै प्रधान हुन्छन् । बैठकमा लिड गर्ने, दिशानिर्देश गर्ने केपी कमरेड र प्रचण्ड कमरेड नै हो । त्यसमा बामदेव गौतम, झलनाथ खनाल, माधवकुमार नेपालदेखि नारायणकाजी श्रेष्ठलगायत सबैले सहयोग गर्नुभयो । अध्यक्षहरुकै कमजोरी औंल्याइदिनुभयो ।

दायाँबायाँ बसेका सचिवालयकै नेताहरुले कमजोरी औंल्याएपछि फ्लोरतिर बस्ने हामीलाई कलिकति सजिलो भयो । त्यो भूमिका माधव कमरेडले पनि गर्नुभयो ।

कसरी ?

खासगरी समापन गर्नै लाग्दा परिस्थिति भड्किएला कि जस्तो अवस्था आउँदा उहाँले उठेर कसरी हल गर्ने सुत्रहरु प्रस्तुत गर्नुभयो । त्यसमा राजनीतिक प्रस्तावमा आएका सुझावहरुलाई समेटेर त्यसलाई पास गरौं, यसमा अध्यक्षहरुले हेर्नुस् र सचिवालयमा आएपछि पास गरौं भन्नुभयो ।

संगठन एकीकरणको सम्बन्धमा अघिल्लो दिन नै प्रचण्ड कमरेडले एउटा

कार्यदल बनाउने भन्नुभएको थियो । त्यसमा माधव नेपालले कार्यक्षेत्र कसरी राख्ने भन्ने सन्दर्भमा व्याख्या गर्नुभयो । विगतको सिंहावलोकन गरौं र आगामी सन्दर्भमा पनि प्रष्ट मापदण्ड बनाउने कार्यादेश दिउँ र उहाँहरुको सुझावका आधारमा निर्णय लिउँ भन्नुभयो ।

साथै पार्टी पंक्तिलाई नेताहरुको मनमुटाव भयो, सिंगो स्थायी कमिटी विभाजित भयो भनेर निराशाजनक होइन, उत्साहजनक सन्देश दिउँ भन्नुभयो । केही कमजोरीका बाबजुद धेरै राम्रो ठाउँ छ र कार्यकर्तामा उत्साह छरेर जनब्यापी अभियानमा जाउँ भनेर माधव नेपालले प्रस्ताव गर्नुभयो र बैठक त्यही दिशामा गयो ।

त्यसैगरी वैचारिक बहसमा झलनाथ खनालले आफूलाई अग्रभागमा राखेर प्रस्तुत भयो । वामदेव गौतमले प्रस्तुत गर्नुभयो । नारायणकाजीजीले वैचारिक राजनीतिक विषयमा वडो प्रष्ट ढंगले आफ्नो विचार राख्नुभयो । यो सबैले माझामाझ गर्ने काम भयो । स्थायी कमिटी बैठकपछि जति साथीहरुसँग मेरो प्रत्यक्ष(अप्रत्यक्ष सम्वाद भएको छ, उहाँहरुमा उत्साह नै पाएको छु ।

तर, बैठकमा थुक र वीर्यसम्मका कुरा पनि आए । बहस अस्वस्थ पनि भएको हो ?

बैठक हुनुपूर्व र प्रारम्भमा हामीबीच अस्वस्थ बहस नै थियो । त्यो अस्वस्थताका बेलामा भएका बहसहरु हुन् । त्यसबाट त हामी एक स्टेप माथि आयौं नि ।

विगतमा एमालेभित्र माधव नेपाल र केपी ओली समूहवीच स्थायीजस्तै कित्ता छुट्टिएको थियो । तपाईहरुले एकोहोरो ओलीको आलोचना गर्ने र अर्को समूहले बचाउ गर्नेजस्तो देखिएको थियो । तर, अहिले तपाई खुसी देखिनुभयो । यसको

रहस्य के हो ?

कमरेड प्रचण्ड अलि खुलस्त नेता पनि हुनुहुँदोरहेछ । उहाँले भन्नुभयो, पूर्वएमालेका साथीहरु आफ्नो आफनो अडानमा भएजस्तो, पूर्वमाओवादीका साथीहरु बीचबीचमा अलमलमा परेजस्तो लाग्यो ।

तपाईले सोधेको प्रश्नजस्तै उहाँले पनि भन्नुभयो । बैठकमा प्रस्तुतीहरु करिब(करिब त्यस्तै नै थिए । किनभने, हामी सबै मार्क्सवादीहरुलाई थाहा छ कि भौतिक परिस्थितिले चेतना बनाउँछ । भौतिक परिस्थिति नै त्यस्तो थियो । केपी ओली, एन्टी केपी ओली । माधव नेपाल, एन्टी माधव नेपाल । यसरी नै हामी आयौं । आखिर हामी रातारात त्यसबाट मुक्त त हुँदैनौं ।

तर, यो बैठकले धेरै हदसम्म नेताहरुलाई त्यो कित्ताबाट मुक्त गरेको छ । मान्छेहरु स्वतन्त्र ढंगले पनि सोचिरहेका छन् । जस्तो(एशिया प्यासिफिक समिटबारे धेरै प्रश्न त माधव नेपालमाथि नै उठ्यो नि । त्यो उठाउने हिजो माधव नेपाल समूहका भनिएकै साथीहरु थियौं । भीम रावलजीले उठाउनुभयो, रघुजी पन्त, धनश्याम भुसालजीले उठाउनुभयो, मैले उठाएँ ।

यदि माधव नेपाललाई जोगाउनु थियो भने त हामीले नबोलेको भए हुन्थ्यो । हिजो केपी ओलीसँग नजिक भएका भनिएका साथीहरुले त यसमा गम्भीर रुपमा कुरा उठाएनन्, उठाउनुपर्थ्यो । तर, हामीले माधव नेपालका हिजोका सम्पूर्ण गुणहरु बिर्सिएका पनि होइनौं । माधव नेपालले पनि शायद यो कुरा बुझ्नुभएको छ ।

यो बैठक पुराना गुटहरुको ह्याङओभरबाट मुक्त थियो भन्ने तपाईको दाबी हो ?

धेरै हदसम्म मुक्त थियो तर, सम्पूर्ण ढंगले मुक्त भइसकेको छैन ।

तपाईले अब सरकारलाई काँध थाप्ने भन्नुभयो, सरकारले गरेका गलत कामको पनि काँध थाप्ने हो ?

यसमा हामी प्रष्ट छौं र प्रधानमन्त्रीलाई उहाँको सामुन्ने नै भनेका छौं, नराम्रा कामको समर्थन हुँदैन है कमरेड । त्यो अपेक्षा नगर्नुहोला । जुन कुरा जनताले रुचाएका छैनन्, पचाएका छैनन्, जुन कुरा स्थापित सिद्धान्तभन्दा विपरीत हुन जान्छ, जुन कुराले हाम्रो जनमतमा धक्का पुग्छ, त्यसमा समर्थन हुँदैन ।

अब यो बैठकपछि सरकारको परफर्मेन्समा सुधार आउला ? सरकारको कार्यशैलीमा सुधार आएपछि मात्रै यो बैठकलाई उपलब्धीपूर्ण मान्नुपर्ने हो कि ?

यो बैठकले प्रधानमन्त्री र मन्त्रीहरुलाई जबरजस्त सन्देश दिएको छ । खासगरी कतिपय मन्त्रीको नामै लिएर टिप्पणी भएका छन् । यदि उहाँहरुले आफ्नो कार्यशैली, सोचहरु बदल्नुभएन भने टिकट काटिन्छ भन्ने सन्देश दिएको छ ।

अब बस्ने केन्द्रीय कमिटीको बैठकले ती मन्त्रीहरुको टिकट काट्छ ?

टिकट काट्ने काम प्रधानमन्त्रीको हो । तर, प्रधानमन्त्रीलाई त्यसको निम्ति आधार यो बैठकले तयार गरिदिएको छ । प्रधानमन्त्रीले मैले फालेको भन्न

नपर्ने गरी पार्टीले फाल्यो नि त । पार्टीले राम्रो मानेन भन्ने आधार दिएको छ ।

यहीवीचमा दिगम्बर झाको राजीनामा आयो । यो बैठकमा भएको छलफलकै रिफेक्सन हो कि संयोगमात्र ?

दिगम्बर झाको कुरा बैठकमा गम्भीरताका साथ उठ्यो । प्रधानमन्त्रीजीले हरबखत सुशासनको कुरा गर्नुहुन्छ, भ्रष्टाचारमुक्त समाजको कुरा गर्नुहुन्छ, हरेक अफिसमा पोस्टर राख्न लगाउनुभएको छ । यो राम्रो कुरा हो र यो मिसनमा हाम्रो साथ समर्थन छ ।

तर, त्यस्तो राम्रो दिशामा जान्छु भन्ने प्रधानमन्त्री र सरकारले दिगम्बर झा जस्तालाई नियुक्ति दिनु विडम्वनापूर्ण थियो । त्यसैले हामीले भन्यौं कि तपाईको उद्घोष र यो सुहाएन ।

हाम्रा ४३ जना केन्द्रीय सदस्यहरुले यही विषयलाई प्रधान बनाएर लिखित ज्ञापनपत्र नै दिनुभयो । सार्वजनिकरुपमा पनि प्रश्न उठ्यो । त्यसैले दिगम्बर झा आफैं हट्नु वा सरकारले हटाउनु बाहेक अर्को विकल्प थिएन ।

बैठकमा वाइडबडीको पनि कुरा उठ्यो ?

सबै कुरा उठेका छन् । सरकारका कामबारे जनस्तरमा उठेका सवालमा प्रष्ट गर्नुपर्छ भनेका छौं । प्रधानमन्त्रीले पनि सम्बन्धित मन्त्रीबाट प्रष्ट पार्ने कार्यक्रम राखौं भन्नुभएको छ । यो उचित नै हुन्छ ।

प्रधानमन्त्रीले निर्मला हत्याकाण्डबारे गम्भीरताका साथ कुरा राख्नुभएको छ । आवश्यक पर्‍यो भने अन्तराष्ट्रिय अनुसन्धानकर्ता बोलाएर भए पनि

छानविन गराउँछु भन्नुभएको छ ।

वाइडबडीका सन्दर्भमा प्रतिपक्षी दलका नेताले संसदमा नै छानविनको माग गर्नुभएको छ । त्यसो हो भने मैले छानविन गराउँछु भन्नुभएको छ प्रधानमन्त्रीले ।

अलिकति, वैचारिक राजनीतिक एजेण्डाबारे कुराकानी गरौं । स्थायी कमिटी बैठकमा सरकार र पार्टीबारे जति माथापच्चिसी भयो, वैचारिक राजनीतिक बहसचाहिँ त्यति भएन भन्ने कतिपय नेताको गुनासो छ नि ?

लामो समयपछि बसेको स्थायी कमिटी बैठकमा हामीले अध्यक्षहरुबाट प्रस्तुत राजनीतिक प्रतिवेदनलाई नै आधार बनाएर छलफल गर्‍यौं ।

विषयवस्तुको अपरिहार्यता र गम्भीरताका हिसाबले दुईवटा विषय महत्वपूर्ण थिए:

यो बैठकले प्रधानमन्त्री र मन्त्रीहरुलाई जबरजस्त सन्देश दिएको छ । खासगरी कतिपय मन्त्रीको नामै लिएर टिप्पणी भएका छन् । यदि उहाँहरुले आफ्नो कार्यशैली, सोचहरु बदल्नुभएन भने टिकट काटिन्छ भन्ने सन्देश दिएको छ एउटा, केन्द्रमा भएको पार्टी एकतापछि पार्टीब्यापी हिसावले एकीकरणमा भइरहेको ढिलाइ र त्यसले उत्पन्न गरेका समस्याहरु । आजको दिनमा संगठनात्मक हिसावले महत्वपूर्ण चुनौती यही थियो । दोस्रो, सरकार निर्माण भएको करिव १० महिना भएको थियो र यो अवधिमा सरकारबारे पार्टीमा खुला छलफल भएको थिएन ।

त्यसैले यो दुबै विषय महत्वपूर्ण थिए र प्रतिवेदनलाई आधार बनाएर यसबारे नै छलफल गर्‍यौं । तर, यो बैठकमा पार्टीले लिनुपर्ने वैचारिक राजनीतिक कार्यदिशामा पनि धेरै महत्वपूर्ण बहस भएको छ ।

विशेषगरी दुई पार्टी अलग अलग भएका बेलामा हामीले आआफ्नो महाधिवेशनबाट पारित गरेका दस्तावेजहरुको कतिपय पक्ष अध्यक्षद्वयको राजनीतिक प्रतिवेदनमा समावेश हुन सकेको थिएन ।

आफ्ना(आफ्ना निष्कर्ष हामीले प्रतिवेदनमा राख्ने कुरा भएन । तर, दुबैको साझा निष्कर्ष त राख्नुपर्ने हो । त्यस हिसावले हेर्ने हो भने प्रस्तुत प्रतिवेदन एक कदम पछाडि थियो ।

एमालेले नवौं महाधिवेशनमा जे भनेका थियौं र माओवादीको हेटौंडा महाधिवेशनमा जे भनिएको थियो, वैचारिक राजनीतिक हिसावले यो प्रतिवेदन त्योभन्दा एक कदम पछाडि फर्किएको थियो। त्यसलाई सोभ्याउनु पनि यो बैठकको महत्व थियो ।

अध्यक्षको प्रतिवेदन ‘एक कदम पछाडि फर्केको’ भन्नुभयो, कसरी ? यसबारे थप प्रष्ट्याइदिनु न

हामीले एमालेमा लामै वैचारिक राजनीतिक बहस गर्दै आयौं । आठौं महाधिवेशनमा घनश्याम भुसालजीलगायत हामी १८ जना साथीहरुले लिखित दस्तावेज

पेश गरेका थियौं । त्यसमाथि व्यापक छलफल भएको थियो र त्यसलाई पनि वैचारिक बहसको आधार बनाउने भन्ने निष्कर्ष निकालिएको थियो । नवौं महाधिवेशनमा आइपुग्दा पार्टीको आधिकारिक दस्तावेज नै त्यही भयो । हामीले त्यसमा भनेका थियौं, नेपाली समाजको सामाजिक संरचना बदलिएको छ । अब नेपाली समाज मुलभूतरुपमा सामन्ती समाज रहेन । समान्तवादका केही अवशेष हुन्छन् । चरम पुँजीवादको विकासमा पनि समान्तवादका केही अवशेष हुन्छन् । जस्तो(बेलायतको संसदमा बडामहारानीको गुणगान गाइन्छ, अमेरिकामा पनि भूतप्रेतप्रति विश्वास गरिन्छ । यसलाई पनि समान्तवादका अवशेष मान्न सकिन्छ । धार्मिक सांस्कृतिक हिसावले सामन्तवाद पर्याप्त देख्न सकिन्छ । तर, उत्पादन सम्बन्धका हिसावले ती देशहरु सामन्तवादी होइनन् ।

त्यसैगरी नेपाल पनि अब पुँजीवादी समाज हो र पुँजीवादभित्र एउटा दलाल पुँजीवादी समाज हो भन्ने हाम्रो निष्कर्ष थियो । साथै हामीले २०६२र६३ को आन्दोलनलाई राजनीतिक जनक्रान्ति भन्यौं र जनवादीका क्रान्तिका मूल्य कार्यभार सम्पन्न भए, अब यो जनवादी क्रान्तिले दिएका उपलब्धीको रक्षा गर्दै समाजवादका आधार तयार गर्ने र समाजवादको दिशामा अगाडि बढ्ने भन्ने हाम्रो नवौं महाधिवेशनको निष्कर्ष थियो । यसमा हामी सबै एकमत थियौं । पार्टीको महाधिवेशनमा कुनै फरक मत थिएन । माओवादीकहाँ पनि हेटौंडा महाधिवेशनमा कुनै फरक मत थिएन । त्यो साझा निष्कर्ष नै थियो ।

तर, यसपटक अध्यक्षहरुको प्रतिवेदन आउँदा कताकता जनवादी क्रान्ति नै हाम्रो आजको मुख्य ध्येय हो भन्ने जस्तो अर्थ लाग्ने गरी आयो ।

पछि अध्यक्षहरुले व्याख्या गर्ने क्रममा केही स्पष्ट भएको छ । 'हामीले जनवादी क्रान्तिका मुख्य कार्यभार पूरा गरेका हौं, अब राष्ट्रिय र उद्यमशील पुँजीको विकास गर्दै मुलुकलाई स्वाधीन अर्थतन्त्रका रुपमा रुपान्तरण गर्दै, समाजमा भएका वर्गीय, जातीय, लैङ्गिक विभेद अन्त्य गर्दै, सामाजिक न्यायसहितको समतामुलक समाज निर्माण गर्दै समाजवादी दिशामा अगाडि बढ्ने' अब हाम्रो कार्यदिशा यो हो ।

जनताको जनवाद एक किसिमले अब तत्कालीन कार्यनीति जस्तो भयो । समाजवाद हाम्रो कार्यक्रम र लक्ष्य भनेर व्याख्या गरेका छौं । यसमा हाम्रो समझदारी छ कि यसमा कुनै वैचारिक भिन्नता भएछन् भने महाधिवेशनमा एउटा प्रक्रियाबाट छलफल गरौंला ।

भनेपछि स्थायी कमिटीमा वैचारिक राजनीतिक विषयमा पर्याप्त छलफल भएन भन्ने सही होइन ?

छलफल भयो । जोडका साथ छलफल किन भएन भने यो बैठकमा मुख्य कुरा त्यो थिएन । मुख्य कुरा पार्टी संगठनको एकीकरण नै थियो । सरकार सञ्चालनका सन्दर्भमा देखिएका समस्याहरुलाई सामूहिक हिसावले बुझ्ने र सरकारलाई सफल बनाउन प्रयत्न गर्ने नै थियो । यो उद्देश्यमा हामी एक हदसम्म सफल भएका छौं ।

मानव सृष्टि सम्बन्धी अवधारणाहरु



- हर्क यक्सो

पृष्ठभूमि

मानिस एउटा चेतशील प्राणी हो । मानिसको चेतना उच्च भएको कारण उसले यो पृथ्वीलोकमा थुप्रै विषयवस्तुहरु उपर अध्ययन र अनुसन्धानहरु गरेको छ । मानव सृष्टिको सम्बन्धमा पनि उसले गहिरो चिन्तन-मनन एवं अध्ययन र अनुसन्धानहरु गरेको छ । मानव सृष्टिको सम्बन्धमा गहिरो चिनतन, मनन र अध्ययन गर्ने शास्त्रलाई “दर्शन शास्त्र” भनिन्छ। दर्शन शास्त्रले प्रकृति के हो, मानव जीवन के हो, मानवको सृष्टि कसरी भयो, मानव समाजको उत्पति कसरी भयो भन्ने विषय देखि लिएर मानव कसरी सभ्य, सुसंस्कृत र विकसित हुन सक्त छ ? आदि-ईत्यादि, कुराहरुको सवालमा थुप्रै चिन्तन, मनन र अध्ययनहरु प्रस्तुत गरेको छ । त्यसकारण मानव सृष्टिको सवालमा हामीले दार्शनिक मन्थनहरु उपर चिन्तन-मनन् गर्नु आवश्यक देखिन्छ ।

यति ठूलो शून्य आकासमा ग्रह, उप-ग्रह, तारा, नक्षत्र लगायत सम्पूर्ण ब्रह्माण्डको कसरी सृष्टि भयो र कसले सृष्टि गर्‍यो भन्ने सवालमा धेरै ठूलो चिन्तन, मनन, बहस र पैरवीहरु भएका छन् । एक प्रकारले सांसारिक वस्तुहरु यथास्थानमा र यथास्थितिमा सृष्टि भएको देखेर धेरै मानिसहरु चकित वा भ्रमित भएका पनि छन् । केही वौद्धिक चिन्तन-मनन गर्ने वा दार्शनिक सोच भएका मानिसहरु सत्यताको नजिक पुगेका छन् भने केही अन्धविश्वास र रुढिवादी चिन्तन-मननमा लागेका मानिसहरु कोरा कल्पनाको भवसागरमा पनि डुबेका छन् ।

अन्धविश्वास तर्फ लागेका मानिसहरुले ब्रह्माण्डका सम्पूर्ण जीवन र जगतको सृष्टि, कुनै अलौकिक ईश्वर वा प्रमेश्वरबाट भएको हो र यसलाई निरन्तरता दिने वा अन्त्य गर्ने सम्पूर्ण निर्णय पनि ईश्वरले नै गर्छ भन्ने सम्मको तर्क गर्ने गरेका छन् । उनिहरुले पृथ्वी लोकमा विद्यमान सबै थोकहरु कसरी सृष्टि भए भन्ने कुरा बुझ्न नसके पछि अलौकिक ईश्वरको कल्पना गर्न थाले र यसरी प्रार्थना गर्न थाले । जस्तै–

“जय, जय, जगदीश्वर !
जय, जय, हे ! अविनासी ।
प्रभु हौ सृष्टिका, करुणा रासी ।

सुर-मुनि देखि, भुसुना सम्म,
प्रभुकै सृष्टि हुन् घटमा टम्म ।।"
(लेखनाथ)

यसरी मानिसबाट सृष्टिको सम्बन्धमा आध्यात्मिक चिन्तनहरु सुरुआत हुन थाल्यो । त्यसपछि यस पृथ्वी लोकमा वा ब्रह्माण्डमा जीवन र जगतको सृष्टि कसरी भयो भनेर गरिने चिन्तन पद्धतिको (:भतजयमययिनथ) रुपमा 'दर्शन शास्त्र' को विकास भयो । अरस्तु, प्लेटो, दाँते र मेकियावेली जस्ता दार्शनिकहरुको जन्म भयो । कालान्तरमा दर्शन शास्त्रको विकास भयो, जसले सृष्टिको बारेमा गहिरो चिन्तन, मनन र अध्ययनहरु गरी एउटा वैज्ञानिक निष्कर्ष पनि निकालेको छ । तर त्यस निष्कर्षलाई चुनौति दिदै आज मानव सृष्टिको सवालमा अन्य थुप्रै भौतिकवादी र आध्यात्मवादी मत वा सिद्धान्तहरुको विकास भएका छन् ।

मानव सृष्टिका सिद्धान्तहरु:

मानव सृष्टिका सम्बन्धमा प्रमुख रुपमा दुईवटा मत वा सिद्धान्तहरु देखा परेकाछन् । जस्तै-

(१) भौतिकवादी वा विकासवादी सिद्धान्त र

(२) आध्यात्मवादी वा ईश्वरवादी सिद्धन्त ।

उपर्युक्त दुई सिद्धान्तहरु मध्ये भौतिकवादी वा विकास वादी सिद्धान्तलाई वैज्ञानिक वा तथ्यतामा आधारित सिद्धान्त मानिन्छ । यस सिद्धान्तलाई खासगरीकन डार्बिनले प्रस्तुत गरेको "बिकासवादी

सिद्धान्त" भनिन्छ । यस सिद्धान्तले भनेको छ कि आज भन्दा करिव १५ अर्व वर्ष अगाडि यस ब्रह्माण्डको स्व-निर्माण भएको हो । विकासवादी सिद्धान्तद्वारा वैज्ञानिक तथ्यहरुको आधारमा दाबी गरिएको छ कि करिब ४ अर्ब ६० करोड वर्ष अगाडि पृथ्वी लगाय सौर्यमण्डलको स्व-निर्माण भएको हो । सूर्य नजिक रहेका बुध र शुक्र ग्रहहरु धेरै तातो भएका र सूर्य भन्दा धेरै टाढा रहेका बृहस्पति आदि, ग्रहहरु धेरै ठण्डा भएका कारण तिनीहरुमा जीवहरुको उत्पति हुन सकेन । पृथ्वीमा भने सूर्यबाट आउने रेडियो-विकिरणहरुलाई छेक्न सक्ने ओजन तह भएकोले जीवहरुको उत्पति हुन सक्ने उपयुक्त वातावरण बन्यो । त्यसकारण आज भन्दा करिब ८० करोड वर्ष अगाडि यस पृथ्वीमा जीवहरुको उत्पति र विकास भएको हो । केही प्राप्त जीवहरुको अवशेषहरुलाई विश्लेषण गरेर वैज्ञानिक तर्कहरु प्रस्तुत गरिएका छन् कि यस पृथ्वीमा सबभन्दा पहिला एक कोषिय जीवहरुको विकास भयो । त्यसपछि क्रमस: बहुकोषिय, अरीडधारी, रीडधारी, उभयचर, स्थलचर, अण्डज, उद् गरचर र स्तनधारी हुदै अन्त्यमा मानिसको उत्पति र विकास भएको हो ।

प्राचीन कालमा विकसित भएका स्तनधारी प्राइमेटहरु मध्ये एउटा फरक विशेषता भएको जीवको उत्पति भएको थियो । उक्त जीवका तिनवटा फरक विशेषताहरु थिए । जस्तै-(१) ऊ दुई खुट्टाले टेकेर हिड् थ्यो ,(२) उसका भूइमा टेक्न नपर्ने दुइवटा स्वतन्त्र हातहरु थिए र (३)

उसको ज्यादै विकसित मष्तिष्क वा बुद्धि थियो । यिनै तिन वटा विशेषताहरु वा मानबीय गुणहरु भएको "आदि मानव" आज भन्दा करीब ४० वर्ष अगाडि अफ्रिका र दक्षिण-पूर्व एशियामा देखा परेको प्रमाणहरु प्राप्त भएका छन् । त्यस आदिमानवलाई वैज्ञानिकहरुले "अष्ट्रेलोपिथेकस" भन्ने नामाकरण गरेका छन् ।

मानिस र बाँदरको पूर्बज एउटै हुन सक्ने तर्क डार्बिनले प्रस्तुत गरेका छन् । उनको तर्क छ कि मानिस र बाँदरको डि.एन.ए. परीक्षण गर्दा ९५ देखि ९८ प्रतिशत सम्म ठयाक्कै मिल्दछ । तर बाँदर नै मानिसको पूर्वज वा पूर्खा चाँहि हौइन ।



आजको युगमा आइपुग्दा मानव सृष्टिको सम्बन्धमा आध्यात्मवादी तथा ईश्वरवादी चिन्तनहरु सर्बत्र हावी भएको देखिन्छ । मानव सृष्टिको सम्बन्धमा आध्यात्मवादी चिन्तन अन्तरगत विश्वमा प्रचलित विभिन्न धार्मिक सम्प्रदायहरुले आ-आफ्नै मुल्य, मान्यता र सिद्धान्तहरु वा मिथकहरु प्रस्तुत गरेका छन् । पूर्वीय धर्म दर्शन अन्तरगतको सबैभन्दा ठूलो धार्मिक सम्प्रदाय सनातन हिन्दू धर्मलाई मानिन्छ । मानव सृष्टिको सम्बन्धमा हिन्दू धर्म अन्तरगत पुराणमा उल्लेख भएको छ–"अनादि, अनन्त, निराकार, अविनासी र सर्बशक्तिमान ईश्वरले आकासका तारा, ग्रह र नक्षत्र लगायत सम्पूर्ण जीवन र जगतको सृष्टि गरेका हुन् । यस पृथ्वीलोकका सम्पूर्ण प्राणीहरुको हर्ता, कर्ता र शासनकर्ता उनै ईश्वर वा भगवान भएको हुनाले मानिसहरुको भाग्य र भविष्य पनि उनै इश्वर उपर निर्भर हुन्छ । मानिसले यस जन्ममा गरेका पुण्य कर्मको फल पुनःर्जन्ममा प्राप्त हुने भएकोले मानिसले सधै पुण्यकर्महरु गर्दै ईश्वरको भजन-किर्तन गर्दै र भगवानको स्तुति गर्दै जीवन यापन गर्नु पर्दछ ।"

पश्चिमी धार्मिक सम्प्रदाय अन्तरगतको एउटा ठुलो धर्मको रुपमा विकसित भएको इशाई धर्मको धार्मिक ग्रन्थ "पवित्र बाइबल"ले पनि आकासका ग्रह-तारा लगायत सम्पूर्ण प्राणीहरुको सृष्टि प्रमेश्वरद्वारा गरिएको दाबी गरिएको छ । मानिसको उत्पतिको प्रशंगमा बाइबलमा भनिएको छ कि यस पृथ्वीको माटोबाट प्रमेश्वरले आफू जस्तै रुप भएको मानिसको सृष्टि गरेका हुन् । यसरी सृष्टि गरिएका प्रथम मानवको नाम "आदम" थियो । मानव जीवनलाई निरन्तरता दिन आदमको एउटा करङको हड्डि झिकेर प्रमेश्वरले उनकी पत्नीको सृष्टि गरेका थिए । उनको पत्नीको नाम

"अब्बा" राखीयो । त्यसकारण आदम र उनकी पत्नी अब्बाको एउटै आत्मा र एउटै शरीर मानिन्छन् ।

नेपालका प्रमुख धर्महरु मध्ये "किरात धर्म" अन्तरगत किरात मुन्धुममा मानव सृष्टिको सम्बन्धमा एउटा मिथक (लोक कथा) प्रस्तुत गरिएको छ । उक्त मिथकमा भनिएको छ–"सृष्टिको सुरुआतमा यो सुन्य आकाशमा हावा, पानी, पृथ्वी, चन्द्र, सूर्य, पशु, पंक्षी र मानिस केही थिएनन् । वरपर तलमाथि चारैतिर सुन्य बाहेक केही कुराको पनि अस्तित्व थिएन । यसै सुन्य आकासमा वायुको (हावाको) सृष्टि भयो । त्यो वायुले आकासमा आठ फन्का मारेर ठूलो भुमरी सृष्टि गर्‍यो । उक्त भुमरीले बालुवाको सबैभन्दा मसिनु कणको (परमाणुको) सृष्टि गर्‍यो । उक्त बालुवाको कणले निर्मित 'मना तेम्बेमा' (मानव मैदानमा) सृष्टिका प्रथम बाबुआमाको जन्म भयो । उनिहरुको नाम सुसुङ्गे लालाङ्गे र मुजिन्ना खेयोन्ना थियो ।" (इमानसिं चेमजङ : किरात मुन्धुम)

नेपालको मध्य पहाडमा बस्ने मंगोलीयन समुदाय अन्तरगतको तामाङ जातिमा मानव सृष्टिका सम्बन्धमा एउटा यस्तो मिथक छ– "निराकार आकास र पृथ्वी केही नदेखिने युगमा हावाको दोर्जे ग्याडमले (बज्रवाणले) साकार रुप लियो । त्यो दोर्जे ग्याडम आकास भरीको थियो । त्यसपछि दोर्जे ग्याडम माथि आगो र आगो माथि पानीको तलाउ जम्यो । तलाउ माथि सेतो फिँज उठयो र फिँज माथि माटो जम्यो । त्यसपछि सुमेरु पर्वत उठयो र त्यही पर्वतको पूर्व, पश्चिम, उत्तर, दक्षिण चार कोण भएका दिशाहरु छुटिए । चारै दिसामा मानिसको जन्म हुन थाल्यो । अनि आकासमा देवताहरुले, पातालमा नागराजहरुले र अन्तरिक्षमा शिकारीदेवहरुले आ-आफ्नो राज्य कायम गरी बस्न थाले ।" (सन्तबीर लामा : ताम्बा काइतेन ह्वाइ रिमठिम)



नेपालको तराईमा बस्ने सतार (सन्थाल) जातिमा मानव सृष्टिका सम्बन्धमा यस प्रकारको मिथक छ–"यस संसारमा पहिले पानी मात्र थियो । पानीमा माछा, गंगटा, गडयौला र कछुवाहरु थिए । पृथ्वी बनाउन गडयौलाले माटो फाल्यो तर केही आधार नभएकोले माटो अडिएन । अनि कछुवाको पिठमा माटो फाली टापु बनाए । ठाकुरज्यूले (भगवानले) त्यसमाथि करमको रुख उमारे । त्यसको फेदमा सिरम घाँस उम्रियो ।

कालान्तरमा घाँसले ढाक्दै लगेपछि पृथ्वीको रचना भयो । अनि एक जोडि हाँस आएर करमको बोटमा गुँड लगाई फुल पारे । तिनका दुई फुल (अण्डा) बाट एक जना केटा र अर्को जना केटी जन्मिए । केटोको नाम पेल्चु हाडम र केटीको नाम पेल्चु बुढी थियो । क्रमशः तिनैका सन्तानले यस पृथ्वीलाई ढाके ।" (स्वयंभुलाल श्रेष्ठ : हामी नेपाली)

निष्कर्ष

मानव सृष्टि र समाज विकासका अवधारणाहरु दर्शन शास्त्र अन्तरगतका विषयबस्तु हुन्। दार्शनिक चिन्तन-मननबाट मात्र मानव सृष्टिको सम्बन्धमा सही निष्कषर्मा पुग्न सकिन्छ । दर्शन शास्त्रको अध्ययन अध्यापनको अभावमा धेरै मानिसहरुको मन-मष्तिष्कमा अन्धविश्वासको जालो लागेको देखिन्छ । त्यसकारण आजक युगमा दर्शन शास्त्रको अध्ययन अध्यापन विद्यालय तह देखि गर्नु आवश्यक देखिन्छ ।

मानव सृष्टिको सवालमा जे-जस्तो भौतिकवादी वा आध्यात्मवादी मत र सिद्धान्तहरु प्रतिपादन भएका भएपनि वैज्ञानिक खोज र अनुसन्धान गरी प्रमाणित भएको मत वा सिद्धान्तहरुलाई हामीले अनुसरण गर्नु उपयुक्त हुन्छ । किनकि कागले तेरो कान लग्यो भनेर कसैले भनिदियो भने हामीले आफ्नो कान छकि छैन भनेर छाम्ने कि कागलाई लखेट्न कागको पछिपछि लाग्ने ? यो सोचनीय कुरा हो । यदि कान छाम्ने हो भने "हो हो पाडरी हो हो" भन्ने संस्कृत भाषामा लेखिएको नीतिश्लोकमा भने झैं कागको पछि लाग्नु कदापि हुदैन । उक्त उपदेशले दिन खोजेको सही सन्देश के होला भनी स्मरण गर्नु उपयुक्त हुने छ । समाप्त

को हुन् कम्युनिस्ट ?

- राम कार्की

राहुल सांकृत्यायनले मानिसको इतिहासमा दर्शन जागेको बेला विज्ञान सुतेको हुन्छ र विज्ञान जागेको बेला दर्शन सुतेको हुन्छ भनेका छन् । त्यस्तै कम्युनिस्ट को हुन् भन्ने गम्भीर विषय हो । अहिले पनि स्पष्ट कुरा के हो भने समाजमा विभिन्न चरणहरू आउँछन् । जस्तै अहिले किताब पढ्ने, दर्शन, विचार, सिद्धान्तको कुरा गर्नु भनेको वाहियात काम ठानिने समय हो । तर, हामीले लगातार एक-ढेड वर्षदेखि वैचारिक कुराहरूको लागि प्रयत्न गरिराखेका छौं ।

मलाई के कुरामा खुसी लागेको छ भने युवाहरूमा अहिले पनि पढ्ने, छलफल गर्ने प्रक्रिया अझै जारी छ । हामीले यो देशमा कम्तीमा केही सय युवाहरूले साच्चै मार्क्सवादप्रति झुकाव राखून भन्ने सोचका साथ काम गरिरहेका छौं । यसमा एमालेबाट घनश्याम भुसाल, नेकपा संयुक्तका सुनिल मानन्धर, मलगायत साथीहरू लागेका छौं । जुन बेला हामी युवा थियौं, त्यो बेला यो ल क्याम्पस ज्वालामुखी जस्तै थियो । म यहाँ कहिलै पढिनँ तर ०३५-३६ सालतिरको कुरा हो, भाषण गर्न भने धेरै पटक आएँ । अहिले तपाईंहरूलाई पढाउनेहरू सायद त्यतिबेला सबै विद्यार्थी थिए होलान् ।

> *तपाईंहरू ढुक्क भए हुन्छ राजनीति भनेको काट्ने धार हो । यहाँ जुनसुकै व्यक्तिले अब राजनीतिको काम छैन भनेर भनुन त्यो आफैंमा एउटा राजनीति हो । राजनीतिको काम छैन भनेर आउनु विशिष्ट प्रकारको राजनीति हो ।*

एउटा कुरा के स्पष्ट देखिन्छ भने जहाँ कम्युनिस्ट पार्टीको प्रभाव बढी छ त्यहाँ सिद्धान्त र विचारधाराको क्षेत्रमा अत्यन्त कम काम भएको छ । तर, जहाँ कम्युनिस्ट पार्टीहरू प्रभावकारी छैनन् त्यहाँ मार्क्सवादको वैचारिक सैद्धान्तिक क्षेत्रमा निकै काम भएको छ । यो सबैभन्दा दु:खको कुरा हो ।

जहाँ कम्युनिस्ट पार्टीहरू हावी

छैनन् त्यहाँ विचार सिद्धान्तको क्षेत्रमा काम त हुन्छ तर त्यसको प्रयोग हुँदैन । अहिले संसारभरिका वैचारिक पत्रपत्रिका फर्काएर हेर्ने हो भने विश्वविद्यालयका प्रोफेसरहरूले सबैभन्दा धेरै लेखेको पाउँछौँ । जस्तै अमेरिका, क्यानाडा, अस्ट्रेलियामा विचारको विकास त भएको छ तर उनीहरूको प्रयोग गर्ने ठाउँ छैन ।

चीन, भियतनाम, लाओस, कम्पोचिया र नेपालमा जहाँ कम्युनिस्ट पार्टीको राज्य छ र बामहरू प्रभावशाली छन्, त्यहाँ सैद्धान्तिक वैचारिक काम भएको छैन् । अरू विचारधारा र मार्क्सवादी दर्शनबीच अन्तर भनेकै यही हो । अरूमा थप्न पाइँदैन । यो मेटाफोर मैले धेरै पटक प्रयोग गरेको छु ।

जस्तै क्रिश्चियन फिलोसोफीमा तपाईं केही नयाँ टेस्टाइमेन्ट थप्न पाउनु हुन्न । तपाईं संस्कृतको जतिसुकै विद्वान भए पनि वेदमा दुई शब्द थप्न पाइदैन । हामी कहाँ मुन्दुम छ, त्यो मुन्दुममा दुई शब्द थप्न पाइँदैन । थप्यो कि अपवित्र भैहाल्छ । कुरान त्यस्तै हो । तर मार्क्सवाद नै त्यस्तो विचार हो जहाँ दुई शब्द तपाईंले थप्नु भएन भने त्यो मर्छ ।

अहिले जसरी राजनीतिलाई डिस्क्रेडिट गर्ने, जस्तै पहिले केही बदनाम राजनीतिज्ञलाई गाली गर्ने अनि विस्तारै राजनीतिलाई नै गाली गर्ने । अब राजनीतिको काम छैन

भन्ने अभियान नजानिदो ढङ्गले चलिरहेको छ । कस्तो भने यो राजनीतिले नै अप्ठेरो पार्यो । यो राजनीति नभइदिएको भए त देश कहाँ पुग्थ्यो कहाँ भन्ने खालको कुरा आइरहेको छ ।

मैले अघि भने नी कम्युनिस्ट पार्टी हावी भएको ठाउँमा कम्युनस्टि विचारको विकासै नहुने अर्थात् कम्युनिस्ट पार्टी नै त्यसको बार भैदिने जस्तो छ । अहिले कम्युनिस्ट पार्टीमा पार्टी बोल्दैनन् पार्टीको व्यक्ति मात्र बोल्छन् । नेपालमा संस्थागत रूपमा पार्टी बोल्न छोडेको धेरै भैसक्यो । माओवादी, एमाले, मसाल पार्टी बोलेको सुन्न पाइँदैन । त्यसका व्यक्तिहरू मात्र बोल्छन् ।

उनीहरूले बोल्ने कुरा लामो समय महत्व राख्ने कुरा पनि छैनन् । मानव जीवनलाई दीर्घकालीन रूपमा प्रभाव पार्ने खालका कुनै पनि कुरा छैनन् । यस्तो स्थितिमा सिद्धान्त र विचारको विकास होला त ? तर यो सधैं रहँदैन । यो चरण पनि गुज्रन्छ । फेरि त्यस्तो चरण आउँछ जहाँ लेख्ने पढ्ने मान्छेको समाजमा महत्व र सम्मान हुनेछ । अहिले नेपाल जुन अवस्थाबाट गुज्रिरहेको छ, यो अवस्था छिट्टै फेरिन्छ तर फेरिएको ठाउँमा

पुग्दा हामीसँग मान्छे त तयार हुनु पर्यो नि । त्यसैले तपाईं युवाहरू यो विषयमा गम्भीर बन्नुपर्छ। राजनीतिक विचारधाराले नडोर्याएको राजनीतिले कहीँ पनि लग्दैन ।

अहिले जसरी राजनीतिलाई डिस्क्रेडिट गर्ने, जस्तै पहिले केही बदनाम राजनीतिज्ञलाई गाली गर्ने अनि विस्तारै राजनीतिलाई नै गाली गर्ने । अब राजनीतिको काम छैन भन्ने अभियान नजानिदो ढङ्गले चलिरहेको छ । कस्तो भने यो राजनीतिले नै अप्ठेरो पार्यो। यो राजनीति नभइदिएको भए त देश कहाँ पुग्थ्यो कहाँ भन्ने खालको कुरा आइरहेको छ ।

तपाईंहरू ढुक्क भए हुन्छ राजनीति भनेको काट्ने धार हो । यहाँ जुनसुकै व्यक्तिले अब राजनीतिको काम छैन भनेर भनुन त्यो आफैमा एउटा राजनीति हो । राजनीतिको काम छैन भनेर आउनु विशिष्ट प्रकारको राजनीति हो । साँच्चै त्यसले देशलाई समाजलाई अगाडि बढाउने मान्छेलाई अगाडि बढाउने कुरालाई त्यसले भुत्ते पार्न खोजी रहेको छ ।

तपाईं किन कम्युनिस्ट हुनु भएको ? भन्दा मैले बडो गरिबी देखेँ माया लागेर उनीहरूलाई त्यहाँबाट झिक्न कम्युनिस्ट भएँ भन्ने मान्छे धेरै दिन कम्युनिस्ट रहँदैन । त्यसको माया कुन दिन अर्कोतर्फ सर्छ । पछि मार्क्सले के थपे भने

यो समाजमा वर्ग सङ्घर्ष भन्ने कुरा हुँदो रहेछ र त्यसले समाजमा गति पैदा गर्ने रहेछ ।

सन् १८३० मा पेरिसमा ‘सेक्रेट सोसाइटी’ भन्ने एउटा समूह बनेको थियो । कम्युनिस्ट भन्ने शब्द उनीहरूले सबैभन्दा बढी प्रयोग गरेको शब्द हो । तर पछि कार्ल मार्क्सले एउटा कुरा पत्ता लगाउनुभयो । (पत्ता लगाउने भनेको पनि समाजमै भएको कुरा न हो । तर कसैले नभनेको ।) त्यो भनेको समाजमा सर्वहारा वर्ग हुन्छ भन्ने ।

उनले आफ्नो बुबालाई लेखेको पत्रमा के भन्छन् भने ‘इट इज आइडिया इट सेल्फ’ यो पत्ता लगाउनु आफैमा एउटा विचार हो । र मार्क्स कुनै भावुक, दयालु गरिब देखेर त्यसको उद्धार गरौं भनेर लागेका मान्छे होइन । उनी निकै ‘र्यास्नल’ मान्छे हुन् ।

यहाँ पनि ती गरिबहरूलाई दया, माया गर्ने कुरा होइन । विचरा त्यो मजदुरको हालत खराब छ, त्यसैले त्यसलाई माया गरौं भनेर मार्क्सवाद बनेको होइन । त्यो किन बनेको हो भने आधुनिक समाजमा सर्वहाराभन्दा बलसाली, इमानदार र सशक्त शक्ति अर्को छैन र त्यसले आफ्नो मुक्तिको बाटो आफैले खोज्नुपर्छ भनेर बनेको हो ।

यो कुरा मैले युरोपियन समाजको सन्दर्भमा भन्दैछु । युरोपमा जतिबेला मार्क्सवादको जन्म भयो त्यति बेला योभन्दा बलियो भरपर्दो वर्ग अर्को थिएन । त्यसैले त्यो वर्गलाई नेता मानिएको हो ।

समाजमा हाँक्ने ताकत भनेको समाजमा रहने वर्गहरूको बीचको सङ्घर्ष हो । पहिले जुन सर्वहारा वर्ग भन्ने पत्ता लगाए त्यसपछि त्यसमा थप्ने कुरा वर्ग सङ्घर्ष थियो । त्यसैले वर्गहरूबीचको सङ्घर्ष समस्या होइन । अब यसलाई समस्याका रूपमा लिएपछि समस्या पैदा हुन्छ ।

नेपालमा पनि जुन विभिन्न वर्गहरू बीचको सङ्घर्ष छ त्यो कुनै समस्या होइन । मेरो आफ्नो गम्भीर आरोप के छ भने यहाँका कम्युनिस्टहरूले त्यसलाई समस्याका रूपमा बुझे । यससँगै हामीले वर्ग सङ्घर्ष के हो बुझ्नुपर्नेहुन्छ । वर्गको बीचको मतभेद के हो त ? भन्दा यो कुनै समस्या होइन । मार्क्सवादले के भन्छ भने यो समस्या समाधान हुँदैन । यसको व्यवस्थापन हुँदैन । यसका रूपान्तरण मात्र हुन सक्छ । त्यसैले यहाँ वर्गहरूलाई रूपान्तरण नगरिकन व्यवस्थापन गर्ने कुरा बाघ र बाख्रालाई एकै ठाउँमा राखेर पानी खुवाउने कुरा जस्तो हो ।

कम्युनिस्ट भनेको अर्को अर्थमा सङ्घर्षको नाम हो । त्यो सङ्घर्षले एउटा अवस्थाको सृजना गर्छ । जसलाई हामीले साम्यवाद, कम्युनिजम भन्न सक्छौं । त्यसलाई लागू गराउने मानिसहरू र पार्टीहरू कम्युनिस्ट हुन् ।

मार्क्सवादले के भन्छ भने यो समास्या समाधान हुँदैन । यसको व्यवस्थापन हुँदैन । यसका रूपान्तरण मात्र हुन सक्छ

राप्रपा र एमालेको समहमति, माओवादी र काँग्रेसको सहमति । यो जस्तो देखिँदैछ मार्क्सवादी दृष्टिकोणबाट हेर्दा आज किन नेपाल अगाडि बढ्न सकेन ? किन नेपाल फस्यो ? भन्दा नेपाललाई डोर्याउने खालको राजनीति भएन । अहिलेको राजनीति यसै दिन काट्ने मेलो मात्र भएको छ । नेपालको कुनै पनि राजनीतिक पार्टीसँग नेपाललाई अगाडि लैजाने कार्यक्रम छैन । अब तपाईं त्यो ठाउँमा नपुगेसम्म नयाँ गर्न सक्नु हुन्न । तपाईं आफ्नो सुविधाको निम्ति कुनै पार्टीमा हुनुहुन्छ । तपाईं यदि नेपाललाई फेर्ने लक्ष्य लिनुहुन्छ भने नेपाली समाजलाई रूपान्तरण गर्न चाहनुहुन्छ भने तपाईंले पहिला यसलाई बुझ्नुपर्ने हुन्छ ।

एमाले, माओवादी, मसालमा बेस्सरी खटेर लागेर हुँदैन । किनभने पहिले नै भनियो मार्क्सवादमा केही थप्न सकिएन भने मार्क्सवाद मर्छ । संशोधन गरिराख्नु पर्छ । संशोधनको प्रयास चाहिँ लेनिन, ट्रटस्की, बुखारिन, कार्ल काउत्सकी, माओत्सेतुङले गरे । कम्युनिस्ट भनेको अर्को अर्थमा सङ्घर्षको नाम हो । त्यो सङ्घर्षले एउटा अवस्थाको सृजना गर्छ । जसलाई हामीले साम्यवाद, कम्युनिजम भन्न सक्छौं । त्यसलाई लागू गराउने मानिसहरू र पार्टीहरू कम्युनिस्ट हुन् ।

लेफ्टिस्ट युथ डिस्कोर्सले ल क्याम्पसमा आयोजना गरेको कार्यक्रममा दिएको मन्तव्य ।

माबो हाङको कथा

ईमानसिं चेमजोङ

माबो हाङको कथा (ईमानसिं चेमजोङ लिखित)

(१) उबा हाङपछि किरात देशमा उसैको छोरो माबो हाङ राजा भयो । उसले पनि प्रजावर्गमा युमाधर्म सिकायो । ऊ युमाधर्मको बडो भक्त थियो । उसले उसको राजधानी चेम्फुजङबाट यासोक जङ्मा सार्‍यो ।

(२) एकदिन माबो हाङ राजा खोजुम मन्त्री र अरू सिपाहीहरूसँग सिकार खेल्न लेकका वनमा गएका थिए । राजाका चारवटा चिजिङ्ना, तकादोङ्, तकेदोङ् र परादेन नाउँ गरेका सिकारी कुकुरहरू थिए ।

(३) लेकका वनमा पुग्नासाथ ती कुकुर हरूले यौटा मृग देखे । कुकुरहरू भुक्दै मृग खेद्न लागे । राजा, मन्त्री र अरू मानिसहरू पछिरुपछि पछ्याउन लागे ।

(४) अलिक माथि पुगेपछि कुकुरहरू हराए । मृग पनि हरायो । राजा छक्क परे ।

(५) तिनीहरू सबै थाकेकाले अलिक माथि गएर सबैजनाले एउटा सानो टारमा विश्राम गरे ।

(६) त्यस बखत त्यो टारदेखि अलिक टाढा गुराँसका रूखको फेदमा एउटी सुन्दरी युवतीले रेसमको तान बुन्दै गरेकी सबैले देखे । खोजुम मन्त्रीले भन्योरु राजसिंहासन सुहाउँदी रानी देखियो । अब सँगमा लाने बन्दोबस्त गर्नुपर्छ ।

(७) राजाले भनेरु एकक्षण चुप लाग । आज मृग र कुकुरहरू सबै हराएका छन् । यस्तो वृन्दावनमा यस्ती सुन्दरी युवती कसरी प्रकट भइन्, बुझ्नुपर्छ । खराब चिताउनु हुँदैन । म नजिक गई बिन्ती

चढाई सोधनी गर्नेछु ।

(८) यति भनी हातमा फूलपात लिएर राजाले त्यस तान बुन्ने युवतीका सामुन्ने गई फूलपात अघि राखी, घुँडा टेकी दुई हात जोडी सोधनी गर्‍यो ।

(९) हजुर मालिकिनी! हामी मानिस जाति हौं । कुरा बुझ्न सक्तैनौ । यस्तो वृन्दावनमा हजुर कताबाट प्रकट हुनुभयो? हजुर को होइबक्सिन्छ? हजुर देवी होइबक्सिन्छ कि मानिस होइबक्सिन्छ? कृपया मलाई भनिदिनुहोस् ।

(१०) ती युवती रूपधारी देवीले भनिन् महाराज तिम्रो मन बुझ्न आज म यहाँ प्रकट भएकी हुँ । अब मैले तिम्रो स्वच्छ मन बुझेँ । तिमीले साँझ बिहान परमात्मा निङ्वाफुमाको जपना गरेको स्वच्छ हृदयको भक्ति रहेछ भनी बुझेँ । अब म को हुँ तिमी आफै जान्नेछौ भनी त्यो युवती राजाका सामुन्ने अन्तर्ध्यान भइन् ।

(११) राजा छक्क परे । त्यसै बखत मानिसहरूले कुकुर भुकेको शब्द सुने । एक्कासि मृग पनि दगुर्दै आएको देखे । तिनीहरूले बाण हानी सिकार मारे ।

(१२) दरबार फर्केपछि माबो हाङ राजाको दिल खुस भएन । उनले साँझरुबिहान परमात्मा निङ्वाफुमाको सेवा भक्ति गर्न लागे । प्रार्थना गरेर भनेरु हे परमात्मा, अस्ति वृन्दावनमा दर्शन दिने कुन देवी हो? उसको नाम के हो । उसलाई चिन्ने ज्ञानबुद्धि दिनुहोस् भनी साह्रै जोडले भक्ति गर्‍यो ।

(१३) सातौं दिनको साँझ माबो हाङ राजा परमात्मा भगवान्को भक्तिमा लागिरहेथ्यो । त्यस बेला परमात्माको रूप बुढी बज्युजस्तो भई माबो हाङ राजाका सामुन्ने देखापर्नुभयो । को हो भनी राम्ररी हेर्दा अन्तर्ध्यान हुनुभयो । क्षणभरमा त्यो आत्मा माबो हाङ राजाका शरीरमा चढी

माबो हाङ राजा बक्नलाग्यो ।

(१४) भूत, वर्तमान र भविष्यत् कालका कुराहरू बक्न लाग्यो । सृष्टि कसरी भयो! मानिस सृष्टि कसरी भयो । राजाहरू कसरी भए । कसको नेतृत्व दिई उसका पिता पूर्खाहरूलाई सिन्युक देशबाट किरात देशमा कसले ल्याए! फेरि पछि केरुके हुने हो जम्मै बक्नलाग्यो । युद्ध भएमा शक्तिमान आत्मा भई मद्दत गर्ने, विद्या सिकेमा निसाम्माङ (सरस्वती) भई मद्दत गर्ने, धनदौलत विषय याङसाम्माङ (लक्ष्मी) भई मद्दत गर्ने, राजगर्ने विषय हाङसाम भई मद्दत गर्ने, मूल आत्मा अवतार भई आउने युमासाम मै हुँ, परमात्मा मै हुँ । सृष्टि रचना गर्ने, सृष्टि नष्ट गर्ने निङ्वाफुमा मै हुँ । दुनियाँमा ज्ञानबुद्धि खोज्ने मन बनाउने ओत, परमात्मा निङ् वाफुमा मै हुँ । मेरो सेवाभक्ति गर्नु भनी देववाणीहरू बक्न लाग्यो ।

(१५) सुन्ने मानिसहरू तर्से । छक्क परे । डराए । देव औतारी राजा भनी श्रद्धा गर्न लागे ।

(१६) त्यस बेलादेखि यो देशमा माबो हाङ राजाले झन् जोडसँग यो युमाधर्म प्रचार गरे । यासोक गढबाट युमाधर्म प्रकट भई प्रचार भएकाले युमासाम्माङ्गो अर्को नाउँ यासोकेनी महारानी भयो ।

(१७) यहाँ किरात देशमा युमाधर्म मान्नेहरूका माझमा कुखुरा, सुँगुरको बली दिने चलन थिएन ।

(१८) पछि सिन्युक, मुदेन देश (चीन, तिब्बत) हरूका मानिसहरूले युमाधर्मका पुरोहितहरूका नाउँमा कुखुरा, सुँगुरहरू काटी मेजमानी गर्न थाले भन्ने खबर यहाँका किराती वंशले सुने ।

(१९) यिनीहरूले पनि यही चलन गरी पुरोहितका अघि सुँगुर, कुखुरा मेजमानी राख्न थाले । पुरोहितहरूले पनि बली (पूजा) गर्न सुरु गरे ।

च्याउ खेतीमा जमेका "रसिक"

ताप्लेजङ बजारको चोक चोकका तरकारी पसलहरुमा आजभोली बाह्रै महिना च्याउका बिभिन्न प्रजातीहरु पाईन्छ । कुनै समय च्याउ खान जंगलमै निर्भर रहनुपर्थ्यो त्यो पनि मौसम अनुसारका च्याउहरुमात्रै खान पाईन्थे । विभिन्न प्रजातीका जंगली च्याउ खान हुने र नहुने छुट्याउन नसक्दा ज्यान जाने खतरा पनि त्यतिकै हुन्थ्यो । कोलस्टोर,सुगर र प्रेसर जस्ता रोगीहरु र शुद्ध शाहाकारी मानिसको लागि मासुमा पाइने बोसो वाहेकका भिटामिन प्रोटिन लगायतका आवश्यक तत्वहरु च्याउमा पाइन्छ । च्याउ खेती अर्गानिक तरिकाद्धारा गरिने भएकोले यसको माग बढी रहेको छ अर्थात ताप्लेजुङ बजारमा च्याउको व्यापार राम्रै रहेको छ र हरेक पसललाई आवश्यकता अनुसार च्याउको आपुर्ति स्थानिय च्याउ खेती व्यावसायी रमेश कुमार राई "रसिक"ले सञ्चालन गर्नु भएको दुमी कृषि फार्मबाट भई रहेको छ।

ताप्लेजुङ जिल्लाको डुम्रिसे ७ हाल पाथिभरा याङवरक ४ मा वि.स.२०३२ सालमा जन्मनु भएका रमेश कुमार राई प्रविणता प्रमाण पत्र तह सम्मको अध्ययन गर्नु भएको छ। अध्ययनसंगसंगै राजनितिमा लाग्नु भएका रमेश राईको राजनैतिक अनुभव पनि लामो रहेको छ। डुम्रिसे प्रा.वि.मा ने .वि.संघ इकाइ समिति अध्यक्ष बन्नु भएका रसिक वि.स. २०५८ देखि नै जनयुद्ध गरी रहेको पार्टी ने.क.पा. माओवादीको सम्पर्कमा रहनु भएको थियो । वि.स.२०५९ सालमा सेल कमिटी सचिव बन्नु भएका रसिक

२०६० सालबाट पाटीको पुर्णकालिन कार्यकता बन्नु भयो । जनयुद्धको समयमा एरिया कमिटि सदस्य हुदै २ नम्वर उप व्यूरो पानथर ताप्लेजुङको कार्यलय सदस्य हुदै मेची कोशी व्यूरो सदस्य बन्नु भएका रमेश कुमार राई जनमुक्ति सेनाको कम्पनी कमाण्डर समेत घोषित हुनु भएको थियो ।
शान्तिर्वाता पश्चात वि.स.२०६३ सालमा माओवादी पार्टीको जिल्ला पार्टी कार्यालय सचिवको जिम्मेवारी सम्हाल्नु भएका रसिक पार्टीको सेक्टरीको हैसियतमा १० नम्बर एरिया (साँघु फाकुम्वा थिङलाबु सान्थाक्रा खाम्लुङ) र ९ नम्वर एरियामा काम गर्नु भएको छ । पार्टी संगठनको विभिन्न तहको जिम्मेवारी पाइ सक्नु भएका रसिक माओवादी पार्टीको लिम्बुवान राज्य समिति सदस्य, किरात राष्टिय मुक्ति मोर्चाको केन्द्रिय सदस्य,ताप्लेजुङ जिल्ला सचिवालय सदस्य समेत रहनु भएका उहाँ वि.स.२०७३ पश्चात पाथिभरा याङवरक गाउपालिका कमिटि सचिवको जिम्मेवारी सम्हाल्दै हुनुहुन्छ ।

लामो समय राजनितिमा लाग्नु भएका रमेश कुमार राईले वि.स.२०७१ सालमा दोखु ९ हाल फुङलिङ नगरपालिकामा जग्गा लिजमा लिएर कृषि कर्ममा अगाडी बढ्नु भएको हो घरेलु तथा साना उद्योग कार्यालयमा दुमी कृषि फार्म दर्ता गरी च्याउ खेतिमा दिनरात लागेर कन्ये,सिताके,गोत्रे जातका च्याउ उत्पादन गरिरहनु भएको छ । कृषि कर्ममा स्वरोजगार बन्नु भएको उहा च्याउ खेतीबाट आत्मनिर्भर हुनुहुन्छ । बार्षिक करिब १२ देखि १५ लाखको कारोवार हुने दुमी कृषि फाममा परिवार बाहेक अन्य तिन जनालाई रोजगारी प्रदान गर्नु भएको छ भने दुई जना छोराछोरीलाई बोर्डिङ स्कुलमा पढाई रहनु भएको छ ।
कृषि विकास कार्यालयबाट च्याउ खेती सम्बन्धी तालिम लिएर कृषि कर्म च्याउ खेती गर्न थाल्नु भएका रमेश कुमार

राई रसिकलाई घरेलु तथा साना उद्योग र कृषि विकास कार्यालयबाट प्राविधिक सहयोग बाहेक सरकारी क्षेत्रबाट कुनै सहयोग प्राप्त भएको छैन । सरकारले कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखेता पनि रसिक जस्ता क्रियाशिल र जुझारु कृषकहरुलाई सहयोग पुग्ने किसिमको योजना नदिने हो भने कृषि जोन, ब्लक, र पकेट क्षेत्रको मात्रै कृषि जन्य उत्पादनले निर्यात मुखी उत्पादनको हिस्सा लिन सक्दैन यसका साथै कृषिबाट समृद्धि पनि हुन सक्दैन ।

प्रकृतीको सुन्दरता प्रती मुन्धुमको आफ्नै आख्यान

ताप्लेजुङ जिल्लाको उत्तरी गा वि स पापुङ स्थित तोक्पेगोला गाउँको सेरोफेरोमा अवस्थित सोदु पोखरी नामले प्रख्यात यो एक मुन्धुमी पोखरी हो ।

मुन्धुम अनुसार ब्रमाण्डको उत्पती संगै तापबाट उब्जेक पानीको थोपाहरु नै कालान्तरमा पानीको मुहान जस्तै पोखरी , नदि खोलानाला बन्न पुगेको भनिएको छ । त्यही झुन्डमा पर्ने एक प्राचीन तथा ऐतिहासिक पोखरी हो सोदु पोखरी ।

सोदु शब्द एकदमै अपभ्रम्स अनि खस शब्द हो । जुन लिम्बु भासाको सोथो शब्दलाई खसभासा बाट अपभ्रम्स गराईएको बुझिन्छ । लिम्बू भासामा सोस्थो भन्नाले माथी पुर्यायो भन्ने हुन्छ । मिथक अनुसार यो पोखरी अन्तै ठाउँ बाट सुरक्षित ठाउँको खोजिमा ठाउँ सर्दै सर्दै यहाँसम्म आईपुगेको हो । तोक्पेगोला भन्दा केही तल युमिक्मा नामको एउटा पोखरी थियो । तर त्यहाँ ठाउँ साघुरो भको हुनाले अहिलेसम्म त्यहा पोखरी खोलिएर अन्तै सरेको २०० वटा भन्दा बढी डोबहरु भेटिन्छ । त्यसरी साघुरो ठाउँको कारण पोखरी सरेको सरे गरेको देखेर एक दिन आराध्य देवि युमामाङ आफैले एकैसाथ यो पोखरीलाई उच्च अनि स्वच्छ ठाउँ तोक्पेगोला कै कुनामा सारेको हुनाले यो पोखरीको नाम सोस्थो वरक हुन गको भनी मुन्धुममा आख्यान आउँछ ।

तत्कालीन समयमा पोखरीका यी खाली भागहरु सबै पानीले भरिएको थिए भने ती बिचको डिम्कीसम्म पुग्न घोडामा चढेर जानुपर्ने अवस्था थियो । तर बिस्तारै बिस्तारै मान्छेहरुको आवतजावत बढ्न थाल्यो अनि लापरबाही समेत हुन थाले पछि पोखरीको पानी पनि कम हुँदै गको बुझिन्छ । पोखरीको एउटा कुना बाट पानी बाहिरिन्छ त्यै पानी मिक्वा वरङ (मेवाखोला) भएर बग्छ ।

यो पोखरी देखि केही तल एउटा अचम्मको कालो डरलाग्दो पोखरी छ त्यस्लाई स्थानीयहरुले भुतपोखरी भन्ने गर्छन । स्थानीय अग्रजहरुको अनुसार त्यो पोखरीमा पहिले पहिले दिनमा एउटा दुईटा वस्तुहरु हराएईरहेको हुन्थ्यो । अन्तर अति हुन थाले पछि एकजना बौदधर्मका रिम्पोछे लामाले त्यो पोखरीलाई मन्त्रले मारेको श्रुती सुन्नमा आएको छ । आश्चर्यजनक कुरा के छ भने माथिको सोदु पोखरीको किनारमा कैयौ बस्तुहरु पानी पिउन जान्छन तर त्यो भुतपोखरीको आसपास वस्तुहरु जान डराउछन ।

चासोक तङनाम

चासोक तङनाम के हो ?

किरातीहरूको महान चाड चासोक तङ्नाम प्रत्येक मंसीर पूर्णिमामा मनाइने एक प्राचीन तथा मौलिक चाड हो । नेपाल सरकारले उधौली पर्व र चासोक तङ्नामका दिन २०५८ सालदेखि बिदा दिन शुरु गरेको छ ।

खसआर्य भाषामा 'चासोक'को अर्थ न्वागी र ' तङनाम' को अर्थ चाडपर्व हुन्छ । किरात लिम्बूहरूले चासोक तङनामलाई प्रमुख चाडको रुपमा मनाउँदै आएका छन् । किरात मुन्धुम अनुसार कृषियुग शरुहुनभन्दा अगाडि किरात लिम्बूहरूको पुर्खाहरूले कन्दमुल काँचै खाने गर्दथे । त्यस कारण कुपोषण भई अनेकौं रोग लाग्यो । रोगबाट मुक्ति पाउन मेन्निमाङ, मेन्थामाङ तागेरा निङ्वाफुमाङको प्रार्थना गरे । प्रार्थना गर्दा तागेरानिङ्वाफुमाङले पेना (कोदो), पारामा (कोदोसगै फल्ने कोदो जस्तो) तुम्री (जुनेलो), ताक्मारु (घैया), लगायतको बियुबिजन उनै तागेरा निङ्वाफु माङले दिलाउनु भयो ।

पुर्खाहरूले उक्त बिउबिजन पाएपछि, ति पुर्खाहरूका चेली सिवेराए:क्थुक्मा सिवेरा याबुकेक्माले काठको खन्ती र अङकुसेको सहयोगले खोरीया फाडेर अन्नको बिउ छरी फलाईन् । त्यसपछि सावायेत्थाङहरूले खेतीपाती गर्न सिके । फलाएको अन्न आगोमा पकाई खान थाले । उनीहरूलाई रोग पनि लाग्न छोड् यो । सन्तानहरूलाई पनि रोगले आक्रमण नगरेपछि जनसंख्या बढ्न थाल्यो । खेती गरेर अन्न फलाउन सिकाउने आफ्ना चेलीको यो पुन्य कामदेखि खुशी भई सावा येत्हाङहरूले उनलाई आशिष र बरदानका रुपमा आफूले फलाएको अन्न चेली सिवेरा ए:थुक्मा सिवेरा याबुकेक्मालाई नाली कुजेन भनी चढाएपछि मात्र खाने बाचा गरे । सोहि समयदेखि किरात लिम्बू जातिमा चासोक तङनामको थालनी भएको किरातको मुन्धुममा बर्णन गरिएको पाइन्छ ।

ताप्लेजुङमा 'चासोक तङनाम' आबश्यक्ता किन ?

ताप्लेजुङ जिल्लाको फुङ्लिङ नगरपालिकासहित ८ गाउँपालिकाको सबै क्षेत्रमा लिम्बू समुदायको बसोबास छ । पछिल्लो तथ्याङ्क अनुसार ताप्लेजुङमा झण्डै ४४ प्रतिशत लिम्बूको जनसंख्या छ । किरात लिम्बू समुदायले आफ्नो मौलिक महान् चाड, संस्कार संस्कृतिलाई एकैठाउँमा भेला भई मनाउँन र चासोक तङनामलाई राष्ट्रियकरण गरि प्रबर्द्धनको लागि यो चाड मनाउन जरुर छ । आफ्नो संस्कृतिबारे, ताप्लेजुङ जिल्लाका लिम्बू र गैह्रलिम्बूहरूलाई जानकारी गराउनको लागि चासोक तङनामको छुट्टै महत्व छ । 'चासोक तङनाम' नेपाली पात्रो अनुसार मंसीरपूर्णिमामा मनाउने परम्परा छ । किरात याक्थुङ चुम्लुङ, ताप्लेजुङको औपचारिक गठन २०४७ सालमा भएको हो । त्यसयता चासोक तङ्नामको आबसरमा सामान्य पूजापाठ, शुभकामना आदानप्रदान, चियापन, अन्तर कृया कार्यक्रमहरू मात्र गरि मनाउँदै आएको थियो । २०७२ सालदेखि बिभिन्न संघसंस्थाकोसँग सहकार्य गरि विभिन्न साँस्कृतिक कार्यक्रमहरू आयोजना गरी बर्षेनी मनाउँदै आएको छ । २०७४ सालमा भने किरात याक्थुङ चुम्लुङ, ताप्लेजुङले चासोक तङ्नाम मनाउन सकेन । भने २०७५ सालको चासोक तङनाम किरात याक्थुङ चुम्लुङ ताप्लेजुङले भव्यताकासाथ मनाएको छ ।

सेक्मुरी

□ लेकाली कान्छा" मुक्कुम"

निषेध विरुद्ध फक्र सेक्मुरी
भो नओइलिनु लज्जावती झारमा
पराधीन गमलाको भित्तासंग हुक्राङ गर
तिम्रो सिंमा क्लारा जेट्कीन नाच्दछ

भेलेन्टिना टेरेस्कोभाको पखेटाले उडेर
आधा धर्ति आधा आकाशमा घुसेको हुस्सुहरु
टेकिदेउ किम्जोङसुक बर्दिहरुले
तिम्रो छातीमा जोनअफ आर्क मुटु वाँच्दछ

यदि माम्साहारीहरुको मुखमा डिम्मा भएछौ भने
आङसाङसुकिको रिमोटले मुख भित्रै वसी वसी
अफ गरिदेउ किलकिले र अन गरिदेउ दाँतहरु
जहाँबाट स्वतन्त्रता फुत्कन सकोस्
त्यो क्षणमा
ओँठमा स्वार्थका ताल्चा लागेका
दहीच्युरे मिडियाहरु पनि तिम्रै सत्यता ओकल्न बाध्य हुनेछन्

भुतहरुको साम्राज्यले निलेको आफ्नो भुगोललाई
बनमारा वगैँचाको संज्ञा दिएर
विद्रोहको झट्टी खोज आँखाहरुले
तिम्रो दुईआँखामा एलफ्राइड जेलीनेक र
तसलीमा नसरीन चम्किन्छ

दुनियाँले पुजोस त्यो यथास्थिति बीषाको नाग बोक्रालाई
तिमी थुक्ने साहस गर, तिम्रो मुखमा मेरी क्युरी बोल्दछ
र तिम्रो सोचाइको दहमा नाजेडदा क्रुप्सकायको छाल हल्लिन्छ

यो अन्धकारको खगोलमा भेट नयाँ युगको नयाँ ग्रहहरु
तिम्रो उत्खनन्मा क्यारोलिन हर्स्चेल कुद्दछ
तिम्रो फराकिलो वगैँचालाइ तुनीराख्ने बुढो काँढाहरु

उखालेर बहुरङ्गी फुलहरुको नर्सरी राख्दै आउ
तिम्रो सिर्जनामा पर्लबक उम्रन्छ नेलीस्याक्स झाँगिन्छ
नाडिन गोर्डीमर कोपिला लाग्दछ र टोनीमोरिशन
फक्रिएर मगमगाउछ ।

त्यसवेला, वलेको दीपमाथि जलेका आँखाहरु
दुःखे पनि दुखिरहुन्
म त भन्छु कम्जोर माटो वगाउने पहिरोको डाहहरु
डढाउन तिम्रा हरिया पातहरुले,चिथोरुन तिम्रा हराभराले
र तिम्रो सुगन्धको गुरुत्व आकर्षणले पश्चातापको कारागारमा
तानुन ती वैचारिक दरिद्रताका पुतलीहरुलाई

सेक्मुरी जति सदावहार फुले पनि
तिम्रो विचार शुद्ध होस्
अत्याचारसँग युद्ध होस् तर तिम्रो बन्दुकबाट
निस्कने सबै गोली बुद्ध होस्
जसले नजितेको संसार नहोस्

यहाँ, नवयुगको गुँड भत्काउने मलसाँप्रोले
सृष्टिको गर्भ तुहाउन सक्दैन
उर्वरताको डिम्मा फुटाउने सर्पले
वसन्तलाइ अपुताली बनाउन सक्दैन्
उदाहरण स्वरुप उम्रीदेउ सेक्मुरी
प्रत्येक श्रीपञ्चमीले रोपेको नया नयाँ मलाला युसु फजइको
बिरुवा बनेर म कविताको गमला दिइरनेछु ।

धन्यवाद

सत्यकाम वि.स.२०७५ साल माघ महिनाको मासिक राशिफल

ज्यो.पं. दयाराम पौडेल
श्री विनायक ज्योतिष सेवा केन्द्र फु.न.पा.४
शिवालय चोक (नागेश्वर मंदिर) सर्म्पक नं.- ९८४२७९२५२९

मेष राशी

महिनाको आरम्भमा अभिष्ट सिद्धि । राजकीय कार्यमा सफलता । सामाजिक मर्यादामा वढोत्तरी । परन्तु स्वास्थ्य सम्बन्धी समस्या । उच्च रक्तचाप । ५ गते उप्रान्त समस्यामा सुधार । १५ गते पश्चात उपहार ,पुरस्कार प्राप्ति । २१ गते उप्रान्त धनवृद्धि । २४ गते पश्चात मानसम्मानमा वाधा । स्वास्थ्यमा समस्या । कलह ।

वृष राशी

मासारम्भमा कमाई राम्रो ,खर्च ज्यादा । प्रेशर, सुगरको समस्या । चरित्र दोष । १५ गते पश्चात सुखमा वृद्धि । पदोन्नती । शत्रु नास । २४ गते उप्रान्त पारिवारिक कलह । शीर-दर्द । विद्यामा सफलता ।

मिथुन राशी

मासारम्भमा चोर तथा अग्निबाट भय । प्रशासनिक क्षेत्रमा कठिनाई । मुद्दा-लफडा । ५ गते उप्रान्त समस्यामा सुधार । बौद्धिक कार्य सम्पादन । १५ गते पश्चात जीवन साथीलाई समस्या । २१ गते उप्रान्त शीरदर्द । आर्थिक तनाव । २४ गते पश्चात धनार्जन मानसम्मान प्राप्ति ।

कर्कट राशी

कष्टकर यात्रा । दम्पतिमा कलह । तल्ला पेट सम्बन्धी समस्या । प्रेशरको समस्या । अपमान । १५ गते पश्चात नोकरीमा पदोन्नती अथवा नोकरी प्राप्ती । २१ गते उप्रान्त विवाह सम्वन्धी प्रसंग । आर्थिक चिन्ता । सामाजिक ख्याती प्राप्ति ।

सिंह राशी

शत्रु नाश । प्रतियोगितामा विजय । रमाइलो ,लाभप्रद यात्रा । हतियारबाट भय । गलत विषयमा खर्च । ५ गते पश्चात वस्त्र लाभ । धन वृद्धि । १५ गते पश्चात शिक्षामा सफल । २१ गते पश्चात अपमान । २४ गते पश्चात नोकरीमा वाधा । चिसोबाट स्वास्थ्यमा वाधा ।

कन्या राशी

मानसिक तनाव । सन्तानबाट कष्ट । आफ्नै गल्तिका कारण पछुतो । ५ गते उप्रान्त आर्थिक चिन्ता । १५ गते पश्चात आत्मीय जनबाट सहयोग । अन्न वस्त्र लाभ । विद्या सफल । २४ गते पश्चात रोगव्याधीको भय । व्यवहारिक तनाव ।

तुला राशी

पारिवारिक कलह । स्वास्थ्यमा वाधा । परन्तु शत्रु नाश । प्रतियोगितामा विजय । कुटुम्वबाट सहयोग । प्रेम-यात्रा सफल । २१ गते पश्चात सन्तान कष्ट । २४ गते पश्चात दाम्पत्य जीवनमा कलह । आर्थिक चिन्ता ।

वृश्चिक राशी

मान सम्मानमा वृद्धि । शत्रु नाश । दाजुभाइमा झगडा । अहंकार वृद्धि । सन्तानबाट कष्ट । १५ गते पश्चात पुरस्कार ,उपहार प्राप्ति । आरोग्यता । जीवनसाथीको सहयोग प्राप्ति । मांगलिक कार्यको आरम्भ । नोकरीमा पदोन्नती ।

धनु राशी

नाक,कानमा समस्या । मानसिक चिन्ता । अनावश्यक व्यय । ४ गते उप्रान्त कार्यमा सफलता । वाणीको प्रशंशा । वस्त्र उपहार प्राप्ति । १५ गते उप्रान्त मनोवञ्छित सफलता प्राप्ति । चरित्र दोष । २१ गते पश्चात चरित्रमा सुधार । २४ गते उप्रान्त स्वास्थ्य बाधा । धन खर्च ।

मकर राशी

हड्डीमा पीडा । वसाई सराई । राजनितिमा सफलता । शत्रु परास्त । स्वादिष्ट भोजन । २१ गते पश्चात रमाइलो यात्रा । २४ गते उप्रान्त अधिक खर्च । पारिवारिक तनाव ।

कुम्भ राशी

नाक कान ,घाँटीमा पिडा । खर्चमा अधिकता । कष्टकर यात्रा । दुर्जनको संगत । जीवनसाथीबाट धोका । १५ गते पश्चात समस्त समस्यामा सुधार । २१ गते पश्चात चुगलखोरबाट होसियार रहनु पर्नेछ । २४ गते पश्चात साथीबाट सहयोग । सफलता ।

मीन राशी

भ्रपण सफल । नोकरीमा पदोन्नती । सन्तानबाट सहयोग । सुगर प्रेशरको समस्या । आफन्तमा कलह । शीरदर्दको समस्या । १५ गते पश्चात पुरस्कार,अलंकार प्राप्ति । २१ गते पश्चात भोजनमा अरुची, विश्वाशिलो व्यक्तिबाट धोका । २४ गते पश्चात समस्त समस्यामा सुधारको पालो । नयाँ ठाँउको यात्रा ।

जिल्ला प्रशासन कार्यालय ताप्लेजुङ दर्ता नम्वर २८